अन्तिम लेखापरीक्षण प्रतिवेदन

तीनपाटन गाउँपालिका, सिन्धुली

आर्थिक वर्ष २०७६।७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation

and

the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९
च.नं.: २०९

मितिः २०७८।०५।०४

श्री प्रमुखज्यू,
तीनपाटन गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
सिन्धुली।

विषयः- लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७८ भाद्र ४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415- 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः०७८।७९ मितिः२०७८।०५।०३
च.नं.: २२९
श्री प्रमूखज्यू,
तीनपाटन गाउँपालिका
सिन्धुली ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले तीनपाटन गाउँपालिका, सिन्धुलीको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.४ करोड ४९ लाख ७६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४० लाख ८३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ९३ लाख ४१ हजार र नियमित गर्नुपर्ने रु.२ करोड १५ लाख ५२ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।१८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ४३ यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्य क्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । पालिकाको कार्यकारिणी, पालिका प्रमूख र प्रमुख प्रशासकिय अधिकृत यस पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(ईन्द्रप्रसाद आचार्य)
नायव महालेखापरीक्षक

तिनपाटन गाउँपालिका, सिन्धुलीको लेखापरीक्षण प्रतिवेदन
आर्थिक वर्ष : २०७६/७७

परिचय — स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई सस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने समग्र उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस पालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । सिन्धुली जिल्ला स्थित यस पालिकाको वडा संख्या ११, गाउँसभा सदस्य ५७, जनसंख्या ३६४०५ जना र क्षेत्रफल २८०।५० वर्ग किलोमिटर रहेकोछ ।

क) स्थानीय सचित कोष अर्थिक वर्ष २०७६/०७७ को स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

सि नं	आयतर्फ		सि नं	व्ययतर्फ	
	विवरण	रकम		विवरण	रकम
१	**गतवर्षको जिम्मेवारी**		१	पालिका चालु	१०६४७७०३८.४८
	क) संचितकोष	२९३११८९७.११	२	पालिका चालु अफलाईन	५९९७६८.००
	ख) धरौटी खाता	२२४६८६१.००	३	पालिका पुजिगत	१८२९६६८४४.९३
	ग) प्रदेश शशर्त	१५०६२२.००	४	पालिका पुजिगत अफलाईन	२७०४३२७.००
	घ) प्रकोप व्यवस्थापन	१७०८४०५.००	५	संघीय सशर्त चालु	२२६७३८९७४.०१
	ङ) कर्मचारी कल्याण कोष	५८६५११.००	६	संघीय सशर्त पुजिगत	२६१५०२३६.२५
२	**आन्तरिक आय**	८४१०८३०.९०	७	संघीय सशर्त पुजिगत अफलाईन	४६४९०२.००
३	**संघ सरकारबाट प्राप्त**		८	प्रदेश सशर्त पुजिगत	९९९८६३४.००
	क) समानीकरण अनुदान	११९७०००००.००	९	प्रदेश सशर्त चालु	१८४८९६१.००
	ख) सशर्त अनुदान	२५१७५६८७५.००	१०	धरौटी फिर्ता	१३१८५५०.००
	ग) विशेष अनुदान	५०८७३६२.००	११	प्रदेश पूर्वाधार विकास कार्यक्रम	१०७२५२०३.००
	घ) समपुरक अनुदान	६७०००००.००	१२	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	१२४८३४१८.५३
	ङ) मुल्य अभिवद्धिकर बाँडफाँड	५६४७९४०७.८३	१३	राष्ट्रीय परिचयपत्र तथा पंजिकरण विभाग चालू	८५६७१९.६०
	च) अन्तशुल्क बाँडफाँड	१६३९१०९६.९९	१४	राष्ट्रीय परिचयपत्र तथा पंजिकरण विभाग पुजिगत	१५९६४०.१७
4	**प्रदेश सरकारबाट प्राप्त**		१५	सामाजिक सूरक्षा तथा संरक्षण	९७९०८८००.००

	क) समानीकरण अनुदान	१०३७७०००.००	१६	प्रकोप व्यवस्थापन/कोभिड	१२८३४०२९.००
	ख) सशर्त अनुदान	११४९९०००.००	१७	प्रकोप व्यवस्थापन/कोभिड अफलाईन	१७१४८५९.००
	ग) समपुरक अनुदान	७९७९८३३.००	१९	आ व २०७५।७६ को प्रदेश फिर्ता गर्न बाँकी रकम दाखिला	१५०६२२.००
	घ) राजस्व बाँडफाड	२२३०४०६६.२२	२०	**दहतर बहत्तरको प्रदेश दाखिला**	३०००००.००
५	प्रदेश पूर्वाधार विकास कार्यक्रम	१०७२५२०३.००	२१	**निकासा फिर्ता**	
६	स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम	१२४८३४१८.५३		संघीय सशर्त अनुदान	००.००
७	राष्ट्रीय परिचयपत्र तथा पंजिकरण विभाग चालू	८५६७१९.६०	२२	**बैंक मौज्दात**	
८	राष्ट्रीय परिचयपत्र तथा पंजिकरण विभाग पुजिगत	१५९६४०.१७		संचित कोष	-८०२१९६१६२.
९	सामाजिक सूरक्षा तथा संरक्षण	९८१७००००.००		धरौटी खाता	२०५८३११.००
१०	जिसस सिन्धुलीबाट प्राप्त	२५०००००.००		प्रकोप व्यवस्थापन/कोभिड	१६८५५१७.००
११	कोभिड कोष खाता	१४५२६०००.००		कर्मचारी कल्याण कोष	५८६५११.००
१३	धरौटी	११३००००.००		उपाध्यक्ष उध्यमशिलता कार्यक्रम	२५०००००
१४	उपाध्यक्ष उध्यमशिलता कार्यक्रम	२५०००००		साटनबाँकी चेक	-१४६९१५५.००
	जम्मा	**६९३७४०७४९.३५**		**जम्मा**	**६९३७४०७४९.३५**

ख) राजस्व

क्र.सं.	शीर्षक नं.	लगत हसबली समेत रु.	असुली रु.	दाखिला रु.	बाँकी रु.	
१	१५१११	१४७९९६४.००	१४७९९६४.००	१४७९९६४.००	०	०
२	१५११२	२५३७१२.००	२५३७१२.००	२५३७१२.००	०	०
जम्मा रु.		**१७३३६७६.००**	**१७३३६७६.००**	**१७३३६७६.००**	**०**	**०**

लेखापरीक्षणबाट देखिएको व्यहोराहरु

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	लेखापरीक्षण क्रममा सामाजिक सुरक्षा भत्ता वापत रु ५६१००- बढी ग्रेड रकम रु ७८९६०- दोहोरो भत्ता ४४५६२८ र विभिन्न कट्टी रकम रु ३३-३१-६७९ समेत रु ३९-१२-३६७ असूल भई सम्बन्धीत खातामा दाखिला भएको छ ।	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	पालिकाबाट प्राप्त प्रतिक्रियाबाट रु ७६२०१६ असूल भई सम्बन्धीत खातामा दाखिला भएको छ ।	
१.	**लेखा ढाँचाको प्रयोग नभएको —** नेपालको संविधानको धारा २४१ मा नेपालको सरकारी लेखाको लेखापरीक्षण महालेखापरीक्षकले गर्ने र यसरी लेखा परीक्षण गरिने लेखा संघीय कानून बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राखिने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा समेत स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफरिसमा महालेखापरीक्षक बाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । सोही अनुसार एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेपसास) बमोजिमका फारामहरु मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरी दुई समूहका फारामहरु आ.व. २०७५।७६ देखि लागू गर्ने उद्देश्यले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको छ । जस अनुसार १४२ प्रकारका फाराम विकास भएकोमा ७९ नयाँ फारामहरु र ६३ परिमार्जित फाराम विकास भएको अवश्था छ । उपर्युक्त अनुसारको वित्तीय प्रतिवेदमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोबारको बजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टि गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संञ्चित कोषको अवस्था, आन्तरिक राजस्व, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी स्थिति, वितरण गर्न बाँकी राजस्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा सस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, सञ्चित कोषबाट भएका खर्च भुक्तानी, आयोजना र कार्यमा खर्च (सशर्त अनुदान), भुक्तानी दिन बाँकीको विवरण, फिर्ता दिन बाँकी अनुदान, फिर्ता लिन बाँकी अनुदान, पेश्की बैंक तथा नगद बाँकी र अन्य सम्पत्तिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष यस पालिकाले उपर्युक्त ढाँचा अनुसारको वित्तीय प्रतिवेदन तयार गरेको छैन । स्वीकृत ढाँचामा लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ ।	
	वित्तीय विवरण विश्लेषण	
२.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिका तथा पालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार पालिका तथा पालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • सुत्रबाट तयार भएको म.ले.प.फा.नं.२७२ मा सबै आम्दानी र खर्च रकम प्रविष्टि नभएको कोष तथा लेखा नियन्त्रण कार्यालय सिन्धुलीबाट प्रमाणित आर्थिक विवरण र आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतको एकीकृत आय व्यय तयार गरेको छ । • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । जसका कारण कार्यालयले तयार गरेको आर्थिक विवरणको यथार्थता यकिन गर्न सकिएन् । • सुत्रले तयार गरेको म.ले.प.फा.नं.२७२ अनुसार संचितकोषको प्राप्ती तर्फ रु.६६५८८६८०७ र भुक्तानीतर्फ रु.६८०२८५१९२।२१ देखाएको छ । तर पालिकाले सुत्र बाहिरबाट समेत खर्च गरेको तथा उक्त खर्च सुत्रमा प्रविष्टी नगरेको तथा पालिकामा प्राप्त सबै आम्दानीहरु श्रोतगत हिसाब देखिने गरी सुत्रमा प्रविष्टि नगरेको कारण उक्त आम्दानी र खर्चलाई यथार्थ मान्न सकिने अवस्था रहेन । जसका कारण लेखापरीक्षणको क्रममा कार्यालयबाट पेश भएको बैंक नगदी किताब, प्रदेश लेखा कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय सिन्धुलीबाट प्रमाणित आर्थिक विवरण र आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतलाई आधार मानी पालिकाको एकीकृत आय व्यय तयार गर्दा गतवर्षको मौज्दात बाहेक संचितकोषको आयतर्फ रु.६५९७३६४५३।२४ र भुक्तानी तर्फ रु.६९९५४८०१८।९४ (अफलाईन भौचरबाट भएको खर्च समेत) हुने देखिन्छ । सोही अधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ ।	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	• पालिकाले पेश गरेको एकीकृत आय व्ययका अनुसार सालिकाको संचितकोषको मौज्दात रु.८०२१९६१।६२ ले ऋणात्मक रहेको देखिन्छ । साथै उक्त रकममा यसबर्षको दाखिला गर्न बाँकी दायित्व रु.३३३१६५९ लाई समायोजन गर्दा पालिकाको संचित कोष खुद रु.४६९०३०२ ले ऋणात्मक रहेको देखिन्छ । • पालिकाले पेश गरेको आर्थिक विवरण अनुसार सशर्ततर्फ २०७७ आषाढ मसान्त सम्म फिर्ता गर्न बाँकी रहेको रकम रु.३३४६४९१।९७ मिति २०७७ आश्वीनमा फिर्ता गरेको छ भने दाखिला गर्ने बाँकी दायित्व रकम रु.३३३१६५९ लेखापरीक्षणको क्रममा दाखिला गरेको छ । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको । • स्थानियतहले बिभाज्यकोषको हिसाब ब्यबस्थित राखेको पाईएन । • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भयता पनि केही कारोबारुहरु सुत्रबाहिर समेत रहेको पाईयो । जसबाट सुत्रले देखाउने खर्च यथार्थ हो भन्न सकिने अवस्था रहेन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचाको पूर्ण प्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
३.	**ऋणात्मक मौज्दात** – स्थानीय सरकार संचालन ऐन २०७४ मा पालिकाले ऋणात्मक मौज्दात रहने गरी खर्च लेख्न सक्ने अर्थात आगामि वर्षको लागि दायित्व सिर्जना हुने र पालिकाको संचितको मौज्दात नै ऋणात्कम हुने गरी खर्च लेख्न मिल्ने देखिदैन । पालिकाले उपलब्ध बजेटलाई समेत ध्यान दिई आयोजना कार्यान्वयन गर्नुपर्ने तथा खर्च लेख्नु पर्नेमा सो समेत गरेको देखिएन । पालिकाले पेश गरेको एकीकृत आय व्यय विवरण अनुसार पालिकाको यस वर्षको संचितको मौज्दात रु.८०२१९६१।६२ ले ऋणात्मक रहेको देखिन्छ । उक्त रकममा यसबर्षको दाखिला गर्न बाँकी दायित्व रु.३३३१६५९ लाई समायोजन गर्दा पालिकाको संचित कोष खुद रु.४६९०३०२ ले ऋणात्मक रहेको देखिन्छ । यस प्रकार आगामि वर्षको प्राप्त हुने बजेट खर्च हुने गरी खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
४.	**बैक हिसाब** – सरकारी कारोवार गर्ने बैकले सरकारी कारोवार निर्देशिका २०७६ को पूर्ण पालना गरी तोकिएका खातामा कारोबारको अभिलेख राख्ने र सम्वन्धित खाताको चेकबाट मात्र रकम भुक्तानी दिने व्यवस्था मिलाउनु पर्ने र कार्यालयले सो अनुसार बैकले लेखा राखे नराखेको अनुमगन गरी निर्देशन गर्नु पर्दछ। पालिकाको खाताबाट बैक अफ काठमाडौ लिमिटेडको चकमके शाखालेले प्रत्येक दिन कोषको रकम अन्यत्र खातामा ट्रान्सफर गरी मौज्दात शून्य गरेको- खातामा मौज्दात नभएको अवस्थामा जुनसुकै खाताबाट पनि भुक्तानी दिएको- मौज्दात नभएको खाताबाट समेत भुक्तानी दिएको देखिने बैंक स्टेटमेण्ट श्रेस्तामा संलग्न रहेको छ । बैंकले पेश गरेको बैक स्टेटमेण्टबाट अनुसार चालु खर्च खाताको मौज्दात रु.१११६३३७९ ले ऋणात्मक रहेको देखिएको छ । साथै पालिकाले बैकले देखाएको हिसाव पालिकाको खातासँग समय सममा	

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>भिडान नगरेको- अफलाईन भौचरबाट समेत कारोबार गरेको- बैक नगदी किताबमा ती अफलाईन कारोवार प्रविष्ट नगरेको र बैक स्टैटमेण्टले कारोवारको स्पष्ट विवरण दिन नसकेको अवस्था रहेकोले कार्यालयले देखाएको मौज्दात र बैकले देखाएको मौज्दात दुवै यथार्थ मान्न सकिने अवस्था छैन ।
स्रेस्ता र बैंक खाताको हिसाब मिलान बिवरण तयार गर्नुपर्नेमा स्थानीय तहले बैंक समायोजन विवरण तयार गरेको छैन। पालिकाको स्रेस्तामा भन्दा बैकमा देहायअनुसार रु/ ९६१२०५६।६२ मौज्दात घटी देखिएकोले फरक परेको रकम सम्वन्धमा पालिकाले यकिन गरी हिसाब अध्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>आ/वि तथा श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>संचितकोष</td><td>-८०२१९६१.६२</td><td>११७९४८७०</td><td>-१९८१६८३१.६२</td></tr>
<tr><td>२</td><td>चालु खर्च खाता</td><td>०</td><td>-१११६३३७९</td><td>१११६३३७९.००</td></tr>
<tr><td>३</td><td>प्रकोप व्यवस्थापन/कोभिड</td><td>१६८५५१७</td><td>२९९८५६३</td><td>-१३१३०४६.००</td></tr>
<tr><td>४</td><td>धरौटी खाता</td><td>२०५८३११</td><td>१७०३८६९</td><td>३५४४४२.००</td></tr>
<tr><td>५</td><td>कर्मचारी कल्याण कोष खाता</td><td>५८६५११</td><td>५८६५११</td><td>०.००</td></tr>
<tr><td>६</td><td>उपाध्यक्ष उध्यमशिलता कोष</td><td>२५०००००</td><td>२५०००००</td><td>०.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>-११९१६२२.६२</td><td>८४२०४३४</td><td>-९६१२०५६.६२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५.</td><td>जिम्मेवारी फरक परेको – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । पालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा संचितकोषमा रु.२९३११८९७।११, प्रदेश सशर्त रु.१५०६२२ र प्रकोप व्यवस्थापनमा रु.१७०८४०५ गरि रु.३११७०९२४।११ मौज्दात कायम भएको छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा गत बर्षको मौज्दातमा रु.२९८९३०७५ मा जिम्मेवारी सारेको देखाईएको छ । जस अनुसार गत वर्षको लेखापरीक्षण प्रतिवेदन र आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा रु.१२७७८४९।११ घटी जिम्मेवारी सरेको देखिन्छ । सो फरक परेको रकम यकिन गरी हिसाव मिलान गर्नुपर्ने देखिएको रु......</td><td>१२७७८५०</td></tr>
<tr><td>६.</td><td>आन्तरिक लेखापरीक्षणबाट गो.भौ.६ मिति २०७७।०३।२७ बाट पुष्पलाल स्मृति भवन निर्माण उपभोक्ता समितिलाई अन्तिम बिल भुक्तानी दिदा सम्झौता भन्दा बढी भुक्तानी भएको रकम रु.१७५३४ असूल हुनुपर्ने उल्लेख भएकोमा पालिकाले उक्त रकम संघीय राजस्व खातामा दाखिला गर्नुपर्नेमा पालिका संचित कोष दाखिला गरेको छ । तसर्थ उक्त रकम पालिका संचित कोषबाट खर्च लेखि संघीय राजस्व खातामा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रकम रु.</td><td>१७५३४</td></tr>
<tr><td>७.</td><td>फिर्ता गर्न बाँकी निकासा— पालिकालाई सशर्त अनुदानको रुपमा प्राप्त भएको रकम आर्थिक वर्षको अन्त सम्मपनि खर्च नभई बाँकी रहेमा सम्बन्धित निकायमा फिर्ता पठाउनुपर्दछ । तर कोष तथा लेखा नियन्त्रक कार्यालय सिन्धुलीबाट प्रमाणित आर्थिक विवरण अनुसार सामाजिक सूरक्षा तथा संरक्षणमा रु.९८१७०००० निकासा प्राप्त भएकोमा कार्यालयले तयार गरेको बैंक नगदी किताबअनुसार रु.९७९०८८०० मात्र खर्च भएको देखिएकोले रु.२१६२०० बाँकी नै रहेको देखिन्छ । त्यसैगरी सामाजिक सूरक्षा पेश्की फछ्र्यौट गर्दा फिर्ता भएको रु.३११२०० पालिका संचित कोषमा दाखिला भएको छ । उक्त रकमसमेत लेखापरीक्षण अवधिसम्म फिर्ता भएको देखिएन । तसर्थ उक्त रकम संघीय सञ्चित कोषमा फिर्ता गरी प्रमाण पेश हुनुपर्ने रु.</td><td>५२७४००</td></tr>
<tr><td>८.</td><td>आन्तरिक नियन्त्रण प्रणाली: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाहसमेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक वीच हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • रु. २५ हजार भन्दा बढीको रकम चेकमार्फत भुक्तानी गर्नुपर्नेमा कतिपय कारोबारहरु कर्मचारीले पेश्की लिई नगद भुक्तानी गरी भरपाई गराउने गरेको पाईयो । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्च संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ अनुसार पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार भएको पाईएन। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको तथा इ टीडिएस गरेको पाइएन। • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छापसमेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा गरेको पाईएन। • नापी किताब लुज सिटमा राखेको पाईयो। म ले प फ नं ५०३ अनुसारको नापी किताब तयार गरी हार्ड कपीमा राखेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता/ गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा अनुदान उपलब्ध गराएकोमा उक्त अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । • वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ बमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो । • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ११ ऐन, ५ नियमावली, १७ कार्यविधि र २ निर्देशिका समेत ३५ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
	बजेट तथा कार्यक्रम	
९.	**चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।	

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसोचौमासिक	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम

१	पालिका पुजिगत	१८५६७१	१०२६	२८०६९	१५६५७६	९६५२३
२	प्रदेश पूर्वाधार विकास	१०७२५	०	०	१०७२५	१०७२५
३	स्थानीय पूर्वाधार विकास साझेदारी	१२४८३	०	०	१२४८३	१२४८३
४	संघ सशर्त पुजिगत	२६६१५	०	०	२६६१५	१८४६६
५	प्रदेश सशर्त पुजिगत	९९९९	०	०	९९९९	९९९९
	कूल खर्चः	२४५४९३	१०२६	२८०६९	२१६३९८	१४८१९६
	खर्च प्रतिशत		०.४१	११.४३	८८.१५	६०.२७

उपर्युक्त विवरण अनुसार पालिकाले तेस्रोचौमासिकमा कुल बजेट खर्चको ८८.१५ प्रतिशत खर्च गरेको छ । जसमध्ये असार महिनामा मात्र ६०।३७ प्रतिशत खर्च गरेको छ । तसर्थ आर्थिक वर्षको अन्तमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१०. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ—

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	४५६६०३१७	४२४२१०७२	७.६६
सामाजिक क्षेत्र	३१२६१५८७०	२८९७०१६९३	५२.२८
पूर्वाधार विकास क्षेत्र	१७६०५४०००	१४२६२८४१३	२५.७४
वातावरण तथा विपद् व्यवस्थापन	१४५२६०००	१४५२६०००	२.६२
वित्तीय व्यवस्थापन र सुशासन	२०७७०००	६७५०९७	०.१२
कार्य सञ्चालन तथा प्रशासनिक खर्च	७३३३१७६०	६४१७६७१०	११.५८
जम्मा	**६२४२६४९४७**	**५५४१२८९८५**	१००

११. **खर्च विश्लेषण** — पालिकाको वित्तीय प्रतिवेदन अनुसार यसबर्ष आन्तरिक श्रोतबाट रु.८४१०८३०।९०, राजस्व बाँडफाँड रु.९५१७४५७१।०४ र अनुदानबाट रु.४१३१०००७० समेत पालिकाको संचितकोषको आम्दानी रु.५१६६८५४७२।९४ भएकोमा चालुतर्फ रु.३३५६६४७४१।४९ र पूँजिगततर्फ रु.२२२२८४९४४।१८ समेत रु.५५७९४९६८५।६७ खर्च भएको छ । यस सम्बन्धी देखिएका व्यहोराहरु देहायअनुसार रहेका छन् —

- पालिकाको कुल आम्दानीको तुलनामा राजश्व बाँडफाड २२।३८ प्रतिशत, आन्तरीक श्रोत १।४० प्रतिशत र अन्य अनुदानको हिस्सा ७६।२१ प्रतिशत रहेको छ ।
- पालिकाको यस बर्षको कुल खर्चमध्ये चालुतर्फ ६०।१६ प्रतिशत र पुँजीगततर्फ ३९।८६ प्रतिशत रहेको छ ।
- कुल चालुखर्चमध्ये पारिश्रमिक तथा सुविधामा रु.२३६३४८४८३।३२ अर्थात आन्तरिक आयको तुलनामा ३१०७।०१ प्रतिशत रहेको देखिन्छ ।

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• अनुगमन तथा भ्रमणमा रु.२७३१७००, विविधमा रु.४८११८५१, कार्यालय सामान तथा सेवामा रु.१०९४२४९०, मर्मतमा रु.३५८५६८४।२६, सेवा परामर्शमा रु.११५२९००० समेत रु.३३६००७२२।३० जुन आन्तरीक आयको ४४१।७१ प्रतिशत हुन आउछ । यसबाट पालिकाको आन्तरीक आयको भन्दा अधिक रकम प्रशासनिक प्रयोजनमा खर्च भएको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आएको दायारा फराकिलो बनाउने तथा प्रशासनिक खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ । त्यसैगरी संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
१२.	**न्यायीक समिति** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष ५५ विवाद दर्ता भएकोमा ४३ वटा मात्र फछ्र्यौट भई १२ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
	संगठन तथा कर्मचारी ब्यवस्थापन	
१३.	**कर्मचारी करार** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले दरबन्दी भित्रका विभिन्न पदमा ६९ जना कर्मचारीहरु करारमा राखी रु. १६८९९९०८/ खर्च लेखेको छ ।	
१४.	**तलवी प्रतिवेदन पास नभएको**: कर्मचारीको तलवी प्रतिवेदन पास नभएकोले तलब तथा ग्रेड यकिन गर्न सकिने अवस्था छैन। पालिकाले विष्णु प्रसाद काफ्लेलाई साउनमा १० ग्रेड भदौमा ६ ग्रेड र असोजमा ३ ग्रेड त्यस्तै सुरेश कुमार बराललाई साउनमा ६ ग्रेड भदौमा २ ग्रेड र असोजमा ३ ग्रेड दिएको छ । यस सम्बन्धमा कसले कति ग्रेड पाउनुपर्ने स्पस्ट खुल्नेगरी पालिकाले तलवी प्रतिवेदन पास गरी विष्णु प्रसाद काफ्ले र सुरेश कुमार चालिसेको ग्रेड बढी भएको असुल हुनुपर्दछ ।	
१५.	**पारिवारीक सरुवा भत्ता**: भ्रमण खर्च नियमावली, २०६४ मा सरुवा भई जाने कर्मचारीलाई र परिवारलाई समेत भ्रमण खर्च दिने व्यवस्था छ।सोही नियमावलीको नियम ४ मा कर्मचारीले सम्भव भए सम्म किफायती र कम खर्चिलो बाटो प्रयोग गरी भ्रमण गर्नुपर्ने कुरा उल्लेख छ। देहाय बमोजिमका कर्मचारीलाई सरुवा भई जादा र आउदा निम्नानुसार भुक्तानी दिनु पर्नेमा एउटै साधनबाट पुगिने आवस्थामा पनि वीच वीचमा बास वसेको समय उल्लेख गरी बढी दिनको रकम भूक्तानी माग गरेकोमा सोही अनुसार भुक्तानी दिएकोले पाउनुपर्ने भन्दा वढी रकम भुक्तानी दिएको देखियो। वढी भुक्तानी दिएको रकम सम्बन्धितबाट असुल हुनु पर्ने रु......	३३९५०

नाम	सरुवा स्थान	लाग्ने अवधि	भुक्तानी दिएको अवधि	पाएको	पाउनुपर्ने	बढी भूक्तानि
अम्बिका कुमार पौडेल	धनुषा देखि तीनपाटन	१	२	१३१००	११२५०	१८५०
पवित्रा वि क	पर्वत देखि तीनपाटन होटलबास समेत लिएको	२	३	२७५००	१७६००	९९००
भद्र कुमारी लामा	सिराहा देखि तीनपाटन होटलबास समेत लिएको	१	२	१९०००	१३०००	६०००
मोहन ब बैजु	सोलुखुम्बु देखि तीनपाटन (रमनापत्र पेश नभएको)	४	५	५३६००	३७४००	१६२००
जम्मा						३३९५०

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>पदाधिकारी सुविधा</td><td></td></tr>
<tr><td>१६.</td><td>पदाधिकारी सुविधा – स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार बागमती प्रदेश सरकारले पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १ मा प्रथम संशोधन गरी २०७७ बैशाख ३ मा संशोधित सुविधा राजपत्रमा प्रकाशन गरेको छ। उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐन अनुसार सोही ऐनको अनूसूचि १ मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिएकोमा पालिकाले ५६पदाधिकारीको साउन भदौ र असोजको मासिक पारिश्रमिक तथा सञ्चार सुविधामा रु. १५,२१,९००/ खर्च लेखेको देखिन्छ भने तत्पश्चात संशोधित प्रदेश कानूनअनुसारको सुविधा दिएको छ।</td><td></td></tr>
<tr><td>१७.</td><td>पदाधिकारी थप सुविधा – बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ (क)(१) मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ मा उल्लेख भएका सूविधा मात्र पाउने उल्लेख छ । साथै सोही ऐनको दफा १२ ले पदाधिकारी, सदस्य तथा सभाका सदस्यको लागि कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनमा तोकिएको सुविधालाई अधिकतम मानेर आफ्नो अधिकार क्षेत्र भित्र रहेर आर्थिक स्रोत तथा क्षमताका आधारमा निर्धारण गर्न सक्ने व्यवस्था गरेको छ । यस व्यवस्था अनुसार पालिकाले निर्णय गरी प्रदेश कानूनले तोकेभन्दा वढी सञ्चार सुविधा भुक्तानी दिन मिल्ने देखिदैन । यस पालिकाले पदाधिकारीहरुलाई दोहोरो पर्ने गरी २०७६ श्रावण देखि फागुन सम्म संचार सुविधा वापत निम्नानुसार रु. ९०४००/ खर्च लेखेको देखियो । कानूनमा व्यवस्था भए भन्दा बढी सुविधा दिएको रकम असुल गर्नुपर्ने भनी औंल्या पश्चात प्रतिक्रियाबाछ ७ जनाको रु ५२००० असूल भएकोमा देहायअ अनुसार बाँकी रकम समेत असूल हुनुपर्ने देखिएको रु.
<table>
<tr><th>सि.नं.</th><th>पदाधिकारीको पद र नाम</th><th>भुक्तानी दिन नमिल्ने सुबिधा वा खर्चको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>गोविन्द ब राउत</td><td>संचार सुविधा</td><td>६४००</td></tr>
<tr><td>२</td><td>हेम ब श्रेष्ठ</td><td>संचार सुविधा</td><td>६४००</td></tr>
<tr><td>३</td><td>दिनेश कुमार रमौली</td><td>संचार सुविधा</td><td>६४००</td></tr>
<tr><td>४</td><td>कोमल ब खपाङ्गी</td><td>संचार सुविधा</td><td>६४००</td></tr>
<tr><td>५</td><td>रेखराज अधिकारी</td><td>संचार सुविधा</td><td>६४००</td></tr>
<tr><td>६</td><td>शेर ब मगर</td><td>संचार सुविधा</td><td>६४००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>३८४००</td></tr>
</table></td><td>३८४००</td></tr>
<tr><td>१८.</td><td>ऐन तथा निर्देशिका विपरित खर्चः पालिकाबाट निर्मित खर्च सम्बन्धि निर्देशिकाको परिच्छेद २ मा चालु खर्च सम्बन्धि व्यवस्था गरिएको छ। उक्त परिच्छेदको बुदा नं ६ मा गाउँपालिका अध्यक्ष उपाध्यक्ष वडाध्यक्ष गाउँकार्यपालिकाको सदस्य र वडा सदस्यहरुको मासिक पारिश्रमिक सुविधा प्रदेश सरकारले बनाएको कानुन बमोजिम हुने उल्लेख छ। कार्यपालिकाले ११ वटै वडाका अध्यक्ष लाई मासिक दैनिक भ्रमण भत्ता ७०० बाइक मर्मत ६००० इन्धन २००० लगायतका खर्चका लागि रु २५०००/ को दरले वर्षभरी रु. ३३००००० भूक्तानि गरेको छ। यसरी प्रदेश कानून प्रतिकुल हुने गरी पालिकाले बनाएको निर्देशि अनुसार खर्च लेखेको रकम रु</td><td>३३०००००</td></tr>
<tr><td>१९.</td><td>अनुत्पादक खर्च – सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रकृतिका प्रयोजनमा देहायअनुसार रु. २०००००/ खर्च गरेको</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	देखिन्छ ।विद्यालयका विभिन्न क्रियाकलापकालागि छुट्टै शीर्षकबाट निकाशा हुने भएकोले पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।	

सि.नं.	भुक्तानी पाउने संस्थाको नाम	प्रयोजन	रकम
१	मा वि लम्पन बतासे	शैक्षिक भ्रमण	२००००
२	मा वि सन्धाने	शैक्षिक भ्रमण	२००००
३	मा वि वाङ्गरोङ्गफेदी	शैक्षिक भ्रमण	२००००
४	बेङ्कटेश्वर मा वि	शैक्षिक भ्रमण	२००००
५	कमला मा वि	शैक्षिक भ्रमण	२००००
६	मा वि लम्पन्टार	मन्दिर ब्यबस्थापन	१०००००
	जम्मा		२०००००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
२०.	**अनुदान वितरणः** पालिकाले प्रदान गरेको अनुदानको सहि उपयोग भएको सुनिश्चित हुने प्रणालि तयार गर्नु पर्दछ। पालिकाले गो भौ नं ४१६ मिति २०७७/३/२८ बाट ११ वटा फर्मलाई बाख्रा तथा बंगुर लगायतका पशु खरीद गर्न रु. १००००० का दरले रु. ११००००० फर्म अनुदान वितरण गरेको छ।लेखापरीक्षणको क्रममा ती फर्मले बाख्रा तथा बंगुर खरीद गरी ल्याइएको परिमाण पुष्टी हुने प्रमाण पेश हुन आएन। खरिद गरिएका बाख्रा तथा बंगुरको स्वास्थ्य परीक्षण तथा वीमासमेत गरेको देखिएन। फर्म अनुदानको कार्यविधि नबनाई अनुदान वितरण गरेको र वितरित अनुदान उपयोग सम्वन्धमा अनुगमनसमेत गरेको प्रमाण पेश नभएकोले अनुदानको वितरण निस्पक्ष रुपमा भएको र सही तरिकाले उपयोग भएको छ भन्न सकिने स्थिति देखिएन। कार्यविधि वनाई निष्पक्ष र पारदर्शी रुपमा अनुदान वितरण गर्ने र वितरित अनुदानको सही उपयोग सुनिश्चित गर्ने प्रणालि तयार गर्नु पर्दछ । साथै यो वर्ष वितरित अनुदान सही उपयोग भए नभएको अनुगमन गरी प्रमाण पेश गर्नु पर्ने देखिएको रु....	११०००००
२१.	**भैसी खरिद अनुदानः** पालिकाले वडा नं २ मा नमुना भैसी फार्म सञ्चालनार्थ मुर्रा भैसी खारिद गरेको भनी रु २०००००/ खर्च लेखेको छ।उक्त भैसी मुर्रा हो वा अरु कुनै प्रजातीको हो सो खुल्ने प्रमाण रहेको छैन। प्रमाणित जातको उन्नत पशु खरीद गरी नक्ष्र खुल्ने प्रमाण पेश गर्नु पर्दछ रु....	२०००००
२२.	**प्रमाण वेगर भुक्तानीः** आर्थिक कार्यविधि नियमावलीको नियम ३६ (३) अनुसार सरकारी रकम खर्च गर्दा सोको बिल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ गो भौ नं ४२२ मिति २०७७/३/२९ मा वडा नं ९ का वडा सचिवलाई पुस देखि असार सम्मको २० वटा बैठक भत्ता उपलब्ध गराउनु भनी दिएको निवेदनका आधारमा रु. २००००/ भूक्तानि भएको छ। कहिले र कुन बैठकमा बसेको बैठक भत्ता हो सो खुल्ने प्रमाण नरहेकाले उक्त बैठकको माइन्युट पेश हुनु पर्ने अन्यथा असुल हुने रु.....	२००००
२३.	**भरपाई पेश नभएकोः** आर्थिक कार्यविधि नियमावलीको नियम ३६ (३) अनुसार सरकारी रकम खर्च गर्दा सोको बिल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ गो भौ नं ४४३ मिति २०७७/३/३० मा महिला स्वास्थ्य स्वयम् सेविका प्रोत्साहन भत्ता रु. १२००००/ सन्तोस रम्तेललाई भूक्तानि दिएको छ।महिला स्वास्थ्य स्वयम् सेविकाले उक्त भत्ता बुझेको भरपाई भौचर साथ समावेश नरहेकोले उक्त प्रमाण पेश हुनुपर्ने रु......	१२००००
२४.	**खाना तथा विविध खर्च** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.४८११८५१।२९ खर्च गरेको छ जुन पालिकाको आन्तरिक राजस्व रु.८६९९५६ भन्दा ४५३.११ प्रतिशत वढी रहेको छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
२५.	**आर्थिक सहायता** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	आर्थिक सहायता प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्तिलाई रु.१० हजार देखि ३५ हजार सम्म रु.१०१०००० आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
२६.	**शीर्षक फरक पारी खर्च लेखेकोः** अर्थमन्त्रालय द्वारा जारी खर्चको सँकेत र वर्गीकरणमा तोकिए अनुसारका खर्च संकेत नं .बाट खर्च लेख्नु पर्दछ। लेखापरीक्षणको क्रममा देहायबमोजिमका भौचर र मितिमा देहायबमोजिमको खर्च लेख्दा तोकिएको शीर्षकभन्दा फरक शीर्षकबाट खर्च लेखेको नियमित नदेखिएको रु.....	३१२५६१७

गो भौ नं. मिति	शीर्षकबाट		शीर्षकमा	रकम
२९/२०७७/३/३१	पानी तथा विजुली		पदाधिकारी बैठक भत्ता	२४०००
४७६/०७७/३/३१	पोशाक/मालपोतबाट प्राप्त रकम		पदाधिकारी सुबिधा	६०३०००
४७८/०७७/३/३१	वनबाट प्राप्त रोयल्टी		पदाधिकारी सुबिधा	७१५००
४७९/०७७/३/३१	वनबाट प्राप्त रोयल्टी/महंगी भत्ता		पदाधिकारी सुबिधा	१२३०००
४८१/०७७/३/३१	महंगी भत्ता/संचार महसुल		पदाधिकारी सुबिधा	९४०००
४८७/०७७/३/३१	पानी तथा विजुली		पदाधिकारी खाजा खर्च	५०००
४९४/०७७/३/३१	पानी तथा विजुली		पदाधिकारी खाजा खर्च	१३०५००
४९५/०७७/३/३१	पानी तथा विजुली		वडा सचिवलाई सुविधा	१५०००
५०४/०७७/३/३१	कर्मचारी प्रोत्साहन/इन्धन/मसलन्द		पदाधिकारी दैनिक भ्रमण भत्ता	१८६२५०
१२५/०७६/११/१७	कन्टिन्जेन्सी		विविध खर्च	३३००००
१२७/०७६/११/१८	कार्यालय सामाग्री		विविध खर्च	१४३२६७
१२८/०७६/११/१८	कार्यालय सञ्चालन		मसलन्द	७५१९०
१४०/०७६/११/२१	विविध खर्च		का पा बैठक खर्च	३२१९९६
१४५/०७६/११/२३	मसलन्द		मर्मत	३९३९०
४४८/०७७/३/३०	महंगी भत्ता		विविध खर्च	३२२८४
४५९/०७७/३/३१	महंगी भत्ता		सार्वजनिक सुनुवाई खर्च	१५००००
४६०/०७७/३/३१	महंगी भत्ता		सूचना प्रकाशन खर्च	१३०००
४९६/०७७/३/३१	पानी तथा विजुली		सवारी साधन मर्मत	४९०००
५०७/०७७/३/३१	सेवा तथा परामर्श		कर्मचारी पारीश्रमिक	३५६४०
५०८/०७७/३/३१	करार सेवा सुल्क		विद्यालय खेलकुद	१६००००
५१०/०७७/३/३१	करार सेवा सुल्क		योजना अनुगमन भत्ता	१६९०००
जम्मा				३१२५६१७

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
२७.	**सोझै खरिदः** सार्वजनिक खरिद नियमावलि,२०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाखसम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा सिलवन्दी दरभाउपत्र आव्हान गरि प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्ने ब्यबस्था छ ।त्यस्तै गरी नियम ८५ (१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी रु.५ लाख भन्दा बढिको निर्माण कार्य वा मालसामान एउटै ब्यक्ति ,फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नहुने ब्यबस्था छ।नमुना छनौटका आधारमा परीक्षण गरीएका देहाय बमोजिमका भौचरबाट कार्यालयले यस बर्ष बार्षिक खरिद योजना नबनाई कार्यालयको लागि आबश्यक पर्ने विभिन्न कार्यालय सामान तथा छपाईका सामान विभिन्न मितिमा पटक पटक सोझै खरिद गरेको पाइयो । बर्ष भरी आवश्यक पर्ने यस्ता सामानको खरिद प्याकेज बनाई सिलबन्दी दरभाउपत्रको माध्यमबाट प्रतिस्पर्धा गराई खरिद गर्न पर्नेमा सोझै खरिद गर्नु नियमसम्मत नदेखिएको रु......	२१६३०१३

भौ नं मिति	विवरण	आपूर्तक	भूक्तानि रु.
१२/०७६/६/९	कार्यालय सामाग्री	सफलनेपाल/खुशीबुक्स/स्टार कम्प्युटर/इशान/कमलामाई	७१४११२
१२४/०७६/११/१७	कार्यालय सामाग्री	पोखरी चन्द्र भाडा पसल/कमलामाई स्टील फर्निचर	६५७०९
३७/०७६/९/३	कार्यालय सामाग्री	सफल नेपाल अफसेट/खुशी बुक्स एण्ड स्टेसनरी	२५६१७०
२७/०७६/६/१०	कार्यालय सामाग्री	एम एस प्रिन्टिङ्ग सोलुसन/वल्ड वाइड अफस प्रेस एण्ड सप्लायर्स	९८३७५५
१२७/०७६/११/१८	कार्यालय सामाग्री	एसएस/सुवोधइलेक्ट्रोनिक्स/मिलन/विपिन वस्त्रालय/रञ्जित आर्ट	१४३२६७
जम्मा			२१६३०१३

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	कर दस्तुर एवं आन्तरिक आय	
२८.	राजस्व अनुमान तथा असुलीः गाउँपालिकाले यो वर्ष आन्तरिक श्रोतबाट रू. ८५०००००।—राजस्व संकलन हुने अनुमान गरेकोमा रू. ४१९२३२१।— संकलन गरेकोले रु. ३४५०२३७।— (अनुमानको तुलनामा ४६ प्रतिशत) घटी राजस्व संकलन भएको छ। करको दायरा वढाउने र असुली प्रकृया प्रभावकारी वनाई राजस्व संकलन वढाउनु पर्दछ।	

शीर्षक	अनुमान	असुली	प्रतिशत
११९३१ सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर	१००००००.००	१४२५५८.००	१४.२६
११३१३ एकीकृत सम्पती कर	८०००००.००	८९३२३९.००	१११.६५
११३२१ घरवहाल कर	२०००००.००	९५८५३.००	४७.९३
११६११ व्यवसायले भुक्तानी गर्ने	१००००००.००	११०५६३.००	११.०६
११६९१ अन्य कर	२५०००००.००	०.००	०.००
१४२१३ अन्य बिक्रीबाट प्राप्त रकम	१००००००.००	२०७५६८८.००	२०७.५७
१४२४३ सिफारिश दस्तुर	१००००००.००	७३१८६२.००	७३.१९
जम्मा	७५०००००.००	४०४९७६३	५४/

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
२९.	**नगदी रसिद प्राप्त नभएकोः** गाउँपालिकाले वर्षान्तमा सवै रसिद प्राप्त गरी सम्पूर्ण आम्दानी दाखिला भएको सुनिश्चित गर्नु पर्दछ। यो वर्ष वार्ड ५ मा बाट सि.नं. ४३०१ देखि ४३५० सम्मको १ ठेली रसिद फिर्ता भएको देखिएन। गाउँपालिकाले उक्त वडाको रसिद र आम्दानी सम्वन्धमा छानविन गरी टुङ्गो लगाउनु पर्दछ।	
३०.	**हेभी ईक्वीपमेन्टको आय स्थितिः** पालिकाले आफ्नो नाममा रहेको मेशीनहरुको उपयोग तथा दीगो व्यवस्थापन को लागि कार्यविधि तयार गरी व्यवस्थित तरिकाले सञ्चालन गर्नु पर्दछ। पालिकाले खरिद गरेको एक व्याकहो लोडर सञ्चालनमा रहेको छ।उक्त साधन नगरपालिकाको कार्यमा र समय समयमा अन्यत्र भाडामासमेत प्रयोग हुने गरेको भए तापनि पालिकाले सञ्चालनसम्वन्धि व्यवस्थित अभिलेख राखी आम्दानी असुल गरेको छैन।लोडरको प्रतिघण्टा १००० भाडा दर निर्धारण गरेको छ।यो वर्ष लेखापरीक्षणको क्रममा व्याक हो लोडर सञ्चालनमा रु/१९७३५८ खर्च गरेको र जम्मा रु.४४०००।ढ आम्दानी गरेको देखियो। मेशिन सञ्चालन भएको समय, ईन्धन खर्च खुल्ने लगसिट तथा आम्दानीको व्यवस्थित अभिलेख राख्ने नगरेबाट यी साधनहरुको सञ्चालन आय तथा व्यय अवस्था यकिन गर्न सक्ने अवश्था रहेन।व्यवस्थित तरिकाले मेशिन सञ्चालन गरी सो बाट प्राप्त हुने आय पालिकाको खातामा जम्मा भएको सुनिश्चित हुने प्रणाली विकास गर्नु पर्दछ।	
३१.	**समुदायिक वनबाट प्राप्त आय —** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर बिक्रि तथा उपयोग समबन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धीत पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष सामुदायिक वनबाट प्राप्त आय खुल्नेगरी आम्दानी बाधेको देखिएन। डिभीजन वन कार्यालय सिन्धुलीबाट प्राप्त विववरण अनुसार पालिकाको खातामा रु/२८४५६४।८० रोयल्टी दाखिला भएको देखिन्छ । पालिकाले उक्त रकम आम्दानी बाधेको विवरण उपलब्ध गराउन सकेन। अत पालिकाले डीभिजन वन सामुदायिक वनसँग समन्वय गरी प्राप्त हुनुपर्ने रकम एकीन गरी असुल गर्नुका साथै प्राप्त रकम स्रोत खुल्ने गरी आम्दानी बाध्ने व्यवस्था मिलाउनु पर्दछ ।	
	योजना संचालन तथा पुँजीगत खर्च	
३२.	**योजना छनौट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई प्राथमिकता दिएको देखिएन् । तसर्थ स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार प्रभावकारिरुपमा कार्यन्वयनमा गर्नेतर्फ ध्यान दिपर्दछ ।	
३३.	**योजना कार्यान्वयन तथा संचालन** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना योजना वनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष पालिकाले पुँजीगततर्फ रु.३० हजार देखि रु. २ करोड सम्मका वटा योजनाहरुको कार्यान्वयन गरी रु.२१ करोड ९० लाख ६४ हजार खर्च गरेको छ । जुमध्ये रु.५ लाख भन्दा मुनिका मात्र वटा योजनाहरु रहेका छन् भने रु.५० लाख भन्दा माथीका वटा मात्र योजना रहेका छन् । यसरी स-साना तथा छरिएर रहेका योजनाहरुले दीगो तथा टिकाउ विकासको लक्ष्य हासिल गर्न समेत सक्ने अवस्था समेत देखिदैन् । साथै जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृतिका कार्यमा बढी खर्च हुने र निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु प्रतिफलमूलक नतिजा दिन सक्ने प्रकृतिका योजना तथा कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्दछ ।	
३४.	**ज्याला तथा निर्माण सामग्रीको दररेट** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ मा प्रत्येक जिल्लामा पुरै जिल्लाभरि वा जिल्लाको कुनै भागमा छुट्टै लागू हुने गरी निर्माण सामग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निश्चित गर्न तोकीय बमोजिम दररेट निर्धारण गर्ने सक्ने व्यवस्था छ । पालिकाले सिन्धुली जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेट प्रयोग नगरी आफ्नो पालिका क्षेत्रभित्र लागू हुने गरी छुट्टै दररेट निर्धारण गरेको पाइयो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला तथा महशूलको स्थानीय दररेट तोक्ने सक्ने व्यवस्था रहेको भए तापनि अधिकांश निर्माण सामग्रीको दररेट जिल्ला दररेट निर्धारण समितिले तय गरेकोभन्दा बढी रहेको पाइयो ।यस पालिकाबाट महोतरी लगायतका जिल्ला नजिक रहेको र यस पालिकामा संचालन भएका सबै निर्माण कार्यमा तराईको ईटा प्रयोग गर्ने गरेकोमा पालिकाले तराईको ईटाको दर स्थानीय दरमा समावेश गरेको छैन् । पालिकाले ईटाको दर प्रति गोटा १६ कायम गरेको छ जुन जिल्ला दरलेट भन्दा रु.३।५ ले बढि रहेको छ । त्यसैगरी एक्साभेटरको दर रु.३१६४ तय गरेको छ जुन जिल्ला दररेट भन्दा क्रमश रु.६६४ ले बढि रहेको छ । यस्तो दररेट निर्धारण गर्दा बजारमा प्रचलित दररेट, गत विगतको दररेट लगायतका पक्षलाई आधार लिने असल अभ्यास रहेको पाइन्छ । कार्यपालिकाले यस्तो दररेट निर्धारण गर्दा यस्ता पक्षलाई ध्यान दिन सकेको पाइएन । अतः निर्माण सामग्री तथा ज्यालाको दररेट निर्धारण गर्दा यस तर्फ ध्यान दिनुपर्ने देखिएको छ ।	
३५.	**चेनेज नखुलाएको** - सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा, विलको भुक्तानी गर्दा, नापी किताब तयार गर्दा र कार्यसम्पन्न प्रतिवेदन समेतमा स्पष्टसँग चेनेज खुलाउनु पर्दछ । तर पालिकाले देहायअनुसार सडक तथा बाटो निर्माण, ग्राभेल हाल्ने तथा स्तरउन्नती गर्ने, रिटेनिङ्ग वाल लगाउने लगायतका कार्यमा प्राविधिकले लागत अनुमान, रनिङ बिल भुक्तानी तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्दा समेत सडकको चेनेज/लोकेशन खुलाएको पाईएन । जसबाट उक्त निर्माण भएको सडकको बास्तविक लम्बाई, भएको कार्य, एकै स्थानमा दोहोरो पर्ने गरी कार्य भए नभएको सम्बन्धमा एकीन गर्न सकिएन । तसर्थ पालिकाले निर्माण हुने सडक तथा ढल योजनाको लागत अनुमान देखि कार्यसम्पन्न प्रतिवेदनसम्म चेनेज/लोकेशन खुलाई निर्माण कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ । यसका केही उदाहरणहरु	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

गो.भौ.	योजनाको नाम	योजनाको लागत अनुमान	कार्यसम्पन्न	पालिकाबाट भुक्तानी
१	बेलघारी लङगुर दोभान सडक	११३१६१२	११२८०५७	९९६९८२
३१४	ठाडो खोला वडा कार्यालय कालीमाटी सडक	११२९५४२	११३२५११	९६००००
१९	वडा नं.६ भरीका बाटोहरु मर्मत तथा सरसफाई	८४७०७३	८४५८५०	७४८९६०

३६. **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएको छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

गो.भौ.	उपभोक्ता समितिको नाम	लागत अनुमान	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
३	जागे देखि कनपा १२ ११ हुदै वडा नं ७ सम्मबाटो	५३४४६४१	४७२८२२१	एक्साभेटर तथा ब्रेकर	५३४७४९८
५	तिप्लुङ्ग ठाडो खोला कालीमाटी सडक	५६५७३७०	५००००००	एक्साभेटर तथा ब्रेकर	२६३४१८९
१०	त्रिपुरेश्वर शिक्षा क्याम्पस भौतीक पूर्वाधार निर्माण	११३५३११	१००००००	एक्साभेटर	१३९९९९९
२९०	चदाहा दोभान हात्तीसार टयाम्के सडक	१२४२८५८	११०००००	एक्साभेटर	११६६६५६
३१९	सिपाली छिर्लिङवाम सडक	१६९६०३५	१५०००००	एक्साभेटर तथा ब्रेकर	१५७४५५५
४९	असारे भट्टी शिकारीडाडा सडक	९०३७८७	८०००००	एक्साभेटर	८४३०९४

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

३७. **जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका कार्यालय तथा अन्य भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गो भौ	उपभोक्ता समितिको नाम	कामको विवरण	लागत अनुमान रकम	भुक्तानी रकम
६	पुष्पलाल स्मृती भवन	आरसीसी भवन निर्मण	५६२७३७१	४७९९७९९
२	नर्कटे कृषि सहकारी भवन	आरसीसी भवन निर्मण	११३१८४४	१००००००
३	लाम्पनटार बहुमुखि क्याम्पस भवन निर्माण	आरसीसी भवन निर्मण	१६९९०४१	१५०००००
९	तीनपाटन बहुमुखि क्याम्पस भवन निर्माण	आरसीसी भवन निर्मण	१७१५९१७	१५०००००

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

३८. **माटो र चट्टान काट्ने कार्यको अनुपात** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नम्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै माटो र चट्टान काट्ने कार्यको अनुपात (Soil & Rock cutting Ratio) निर्धारण गर्दा विस्तृत सर्भे, डिजाइन रिपोर्ट (DPR) वा स्वाइल टेष्टको आधार लिएर गर्नुपर्दछ । कार्यालयले उक्त आधारहरु बेगरै क्रस सेक्शन ड्रइङ्ग समेत नराखी स्वाइल र रक कटिङ्गको अनुपात निर्धारण गर्ने गरेको पाइयो । कार्यालयबाट सञ्चालित मोटरबाटो योजनाहरुको भुक्तानीको स्रेस्ता परीक्षण गर्दा नरम तथा कडा चट्टान २० देखि ६० प्रतिशतसम्म राखेको पाइयो । प्राविधिक पुष्ट्याइँ तथा आधार र क्रस सेक्शन ड्रइङ्ग बेगर लागत बढी पर्ने आईटममा बढी अनुपात राखी भुक्तानी गर्दा लागत वृद्धि

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

हुने अवस्था देखिएको छ । यस किसिमको प्रवृत्तिमा सुधार हुनुपर्दछ । यसका केही उदाहरण देहाय अनुसार छन्।

योजना नाम	कुल एक्साभेसन परिमाण	खान्ने कार्यको अनुपात प्रतिशतमा तथा दर प्रति घ.मि.							
		नरम माटो		कडा माटो		नरम/मध्यम चट्टान		कडा चट्टान	
		प्रतिशत	दर	प्रतिशत	दर	प्रतिशत	दर	प्रतिशत	दर
जागे देखि कनपा १२ ११ हुदै वडा नं ७ सम्मबाटो	७३७६६	५०	६२।९९	४३	७५।७०	७	१०२।१९	०	१२०।८५
हर्रा भञ्याङ्ग कोचे शिद्धगुफा सिम्ले सडक	१९९४२	४०	६२।९९	४०	७५।७०	१५	१०२।१९	५	१२०।८५
बेलघारी रातामाटा नेपाल शिखर सडक	५७४५	४०	६२।९९	४५	७५।७०	१५	१०२।१९	०	१२०।८५
असारे भट्टी शिकारीडाडा सडक	११६४०	५०	६२।९९	४०	७५।७०	१०	१०२।१९	०	१२०।८५

३९. **जनश्रमदान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. — ७२१४५

गो.भौ.	उपभोक्ता समिति र काम	सम्झौता रकम	कार्य सम्पन्न रकम	उपभोक्ताले व्यहोर्ने %	घटी अनुपातिक कट्टी रकम
४७	निवुवाटार नक्कले सडक	३३९६४४	२६६३५५	१५.०२	६२१४५
४ अफ	सिम्ले कोचे सडक	११२९८०८	१११८१०८	१५.०३	१००००
	जम्मा	१४६९४५२	१३८४४६३		७२१४५

४०. **पहिरो तथा सडक सरसफाई** - पालिकाले नयाँ सडक निर्माण तथा सडक चौडा गर्ने कार्य बर्षेनी गर्दै आएकोमा सडकको दिगोपनाका लागि सडक स्तरउन्तीको कार्य गर्दा स्टक्चरतर्फको कार्यतर्फ भन्दा खन्न् तथा सडक सर्सफाई गर्ने कार्यमा मात्र ध्यान दिएको पाईयो । पालिकाले यस वर्ष सडकहरु चौडा तथा स्टक्चरको कार्य उपभोक्ता समितिसँग सम्झौता गरेकमा केही सडकहरु उपभोक्ता समितिले एक्साभेसनको परिमाण बढाई स्टक्चरतर्फ रिटेनिङ्ग वाल, ग्याविन वाल लगायतका कार्य गरेको समेत देखिदैन् । पालिकाले गत आर्थिक वर्ष २०७५।७६ भन्दा अघि निर्माण गरेका वा स्तरउन्नती गरेका सडक योजनाहरुमा यस वर्ष पहिरो सफाई तथा मर्मत भनी निम्नानुसारका उपभोक्ता समिति मार्फत कार्य गराई रु. ३७८३९६६ भुक्तानी गरेको छ । चेनेज तथा लोकेशनसमेत नखुलाई एकमुकष्ट रुपमा वडा भरीका बाटोहरु सफाई गर्न एक्साभेटर तथा जेसीबीको प्रयोग गरी उपभोक्ता समितिमार्फत कार्य गर्ने गरी लागत अनुमान तयार गरी कार्य गराएको पाईयो । जसका कारण पालिकाले वर्षेनि ठूलो रकम सडक सरसफाईमै खर्च गर्ने गरेको देखियो।यस्तो खर्च व्यवस्थित एवं नियन्त्रण गर्नु पर्दछ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् ।

गो. भौ.	उपभोक्ता समिति र काम	पालिकाबाट भुक्तानी	प्रयोग गरिएको एक्साभेटर	एक्साभेटरमा भएको खर्च
११	वडा नं.११ भरीका बाटोहरु मर्मत तथा सरसफाई	५५०००१	तिनपाटन सौगात ब्रदर्स कन्ट्रक्सन एण्ड सप्लायर्स	४२९३४३
१२	वडा नं.४ भरीका बाटोहरु मर्मत तथा सरसफाई	३०००००	आकाश निर्माण सेवा	२७६००१
१९	वडा नं.६ भरीका बाटोहरु मर्मत तथा सरसफाई	७४८९६०	कमलाजोर कन्ट्रक्सन एण्ड सपुलायर्स	८४७५००
४२	वडा नं.२ भरीका बाटोहरु मर्मत तथा सरसफाई	५०००००	शुभश्रेया कन्ट्रक्सन एण्ड सम्लायर्स	४४७०००
४८	वडा नं.५ भरीका बाटोहरु मर्मत तथा सरसफाई	८०००००	आर बी कन्ट्रक्सन र शुभश्रेया कन्ट्रक्सन	८५८६६६
२०२	वडा नं.५ भरीका बाटोहरु मर्मत तथा सरसफाई	९८५००५	सोगात ब्रदर कन्ट्रक्सन एण्ड सप्लायर्स	८१७४९८

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४१.</td><td>स्टकचर तर्फ घटी कार्य गरेको - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी सोही अनुसार कार्य गर्ने तथा गराउने गर्नुपर्दछ । लागत अनुमानमा उल्लेख भए भन्दा फरक कार्य गर्नुपरेमा पालिकाको स्वीकृत लिई कार्य गर्नुपर्दछ । पालिकाले यस वर्ष उपभोक्ता समितिबाट कार्य गर्ने गरी लागत अनुमान तयार गरी सम्झौता गरेकोमा निम्नानुसार योजना उपभोक्ता समितिले सडक स्तर उन्नती गर्ने कार्यमा लागत अनुमान भन्दा फरक हुने गरी कार्य गर्दा पालिकाको सहमती लिनु पर्नेमा सो समेत गरेको देखिएन् । सडक स्टक्चर तर्फको कार्य नगर्दा वर्षेनि उही सडक निर्माण कार्य मात्र गरिरहनु पर्नेमात्र देखिन्छ । पालिकाले यसवर्ष पनि गत विगतमा संचालन गरेको योजनाहश्रमा समेत यसवर्ष मर्मत तथा सफाई खर्च गरेको उदाहरणहरु यसअधि उल्लेख गरि सकिएको छ । तसर्थ लागत अनुमानमा तोकिए अनुसार कार्य नगरी फरक कार्य तथा स्टक्चर तर्फको कार्य गरि खन्ने पुर्ने कार्य मात्र गरेकोले देहायअनुसारको कार्य भएको देखिएन। यसका केही उदाहरणहरु
<table>
<tr><th>गो.भौ.</th><th>उपभोक्ता समिति र काम</th><th>स्टक्चर तर्फ नभएको कार्य</th><th>परीमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>२१३</td><td>पाघरे खोला देखि लाम्पानडाडा सडक</td><td>ग्याविन</td><td>२५</td><td>८२४६.५६</td><td>२०६१६४</td></tr>
<tr><td>३६९</td><td>विजयपुर डुडे गडाम्रे वडा कार्यालय सोलिङ्ग</td><td>ग्याविन</td><td>१०</td><td>८२४६.५६</td><td>८२४६७</td></tr>
</table></td><td></td></tr>
<tr><td>४२.</td><td>सडक हेरालु खर्च – यस पालिकामा केही सडकहरु ग्राभेल भएका र अधिकांश सडकहरु कच्ची तथा सडक स्तरउन्नती गरी चोडा गर्ने कार्य भईरहैको देखिन्छ। पालिकाले निर्माणाधिन तथा निर्माण सम्पन्न् भएका सडकहरु प्रत्येक वर्ष एकसाभेटर लगागाई तथा उपभोक्ता समितिमार्फत सरसफाई तथा मर्मत गर्ने गरेको पाईयो । तरपनि पालिकाले पालिकाका विभिन्न सडकहरुको रेखदेख गर्न तथा अन्य प्रयोजनका लागि विभिनन्न ९ सडकहरुमा माघ महिना देखि प्रतिमहिना रु.१५ हजारका दरले र सोभन्दा अघि प्रतिदिन रु.७००का डोर हाजिर भरी ९ जना सडक हेरालुहरु राखि यस वर्ष रु.९-३९-४००/ढ खर्च लेखेको छ ।सडकको सामान्य रेखदेख तथा मर्मत कार्य पालिकाले स्वयम तथा उपभोक्ता समितिमार्फत गरीरहेकै अवस्थामा सडक हेरालु राखि खर्च लेख्दा निजहरुले गरेको कार्य प्रगतिसमेत केही देखिएको छैन। पालिकाको आन्तरिक आम्दानी न्युन रहेको अवस्थामा संघ तथा प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान यस्ता प्रकृतीका कार्यमा खर्च गर्दा प्रशासनीक व्यभारमात्र बढने देखियो ।अतः यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४३.</td><td>गणनामा त्रुटीः गो.भौ.१ मिति २०७७।०३।२५ बेलघारी लङगुर दोभान सडक स्तर उन्नती कार्यको लागि रु.११-३१-६१२ को लागत अनुमान तयारी गरी ६१० मिटर लम्बाई, ६ मिटर चौडाईमा तथा ०।१३ मिटर मोटाई भएको ४५७।५० घ.मि. ग्राभेलिङ्ग गर्ने कार्य प्रति घ.मि.रु. ३११ का दरले कार्य गर्ने भनी उपभोक्ता समितिसँग सम्झौता भएको छ। तर नापी तथा मुल्यांकन किताबमा १२० मिटर लम्बाईमा ३ मिटर चौडाई ३६० व.मि.ग्राभेलीङ्ग गर्ने कार्य गरेकोमा लागतअनुमानमा रहेको प्रति घ.मि.को दरले नै प्रति व.मि.को परिमाणलाई गणाना गरी रु.१११९६० भुक्तानी दिएको छ। नापी परिमाण ३६० व. मि. लाई लागत अनुमानकै मोटाई)०/१३ मी/* राख्दा उपभोक्ता समितिबाट ४६।८० घ.मि. मात्र ग्राभेलिङ्गको कार्य भएको देखिन्छ । उक्त कार्यवापत १४-५५५ मात्र भुक्तानी हुनुपर्नेमा रु.१-११-९६० भुक्तानी भएकोले रु.९७-४०५ बढी भुक्तानी भएको छ । उक्त रकम असूल हुनुपर्ने देखिएको रु.</td><td>९७४०५</td></tr>
<tr><td>४४.</td><td>फरक स्पेशिफिकेशनमा काम गरेकोः गो.भौ.५ मिति २०७७।०३।२७ तिल्पुङ्ग ठाडो खोला कालीमाटी सडक स्तरोन्नती कार्यको लागि रु.५६५७३७०।५२ को लागत अनुमान तयारी गरी ९०० मिटर लम्बाई, ४ मिटर चौडाईमा तथा ०।१५ मिटर मोटाई भएको ५४० घ.मि. स्टोन सोलीङ्ग गर्ने कार्य प्रति घ.मि. रु.२१९५ का दरले कार्य गर्ने भनी उपभोक्ता समितिसँग सम्झौता भएको छ। उपभोक्ता समितिले ०।१९ मिटर मोटो)लागत अनुमान भन्दा ०।०४ मिटर बढी * स्टोन सोलीङ्ग गरी १४४ घ.मि. सोलीङ्ग गरेको नापि गरी योजनामा रु.३१६०८० थप लागत समावेश गरी भुक्तानी दिएको छ । स्थानीय स्तरमा सहजै उपलब्ध हुने ढुंगाको परिमाण बढी हुने गरि मोटाई बढाई कार्य गरेकोले पालिकालाई रु. ३-१६-०८० थप व्यभार</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>परेको देखिन्छ । प्रविधिक पुष्टाई वेगर बढी मोटाईको कार्य नापी गरी बढी भुक्तानी दिएको रकम असूल गरी संचित कोष दाखिला हुनुपर्ने देखिएको रु.</td><td>३१६०८०</td></tr>
<tr><td>४५.</td><td>ग्याविनको कार्यामा बढी भुक्तानी - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको दरविश्लेषण अनुसार मन्छेबाट ग्याविन तार खरिद गरे बुनाई गरेको २*१*१ जालीको प्रति घ.मि. दर रु.४१२३ र प्रति वक्स रु.८२४६ (स्टोनफिलिङ्ग समेत) रहेको छ भने जाली बुनी मेसिन मेड ग्यावियनको दर प्रति घ.मि रु.३६७०।५० र प्रति वक्स रु.७३४१ (स्टोनफिलिङ्ग समेत) कायमहुने देखिन्छ । पालिकाले देहायका योजनामा फरक दरको प्रयोग गरि उपभोक्ता समितिसँग सम्झौता गरी सोही दरमा नै भुक्तानी गरेको कारण देहायअनुसार रकम बढी भुक्तानी हुन गएको देखिन्छ । तसर्थ उक्त रकम असूल गरि संचित कोष दाखिला हुनुपर्ने देखिएको रु.
<table>
<tr><th>गो.भौ</th><th>योजनाको नाम</th><th>जालिको प्रकार</th><th>कार्य भएको परिमाण</th><th>प्रयोग गरेको दर</th><th>बढी दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>बेलघारी लङगुर दोभान सडक</td><td>मेसिन मेड</td><td>१६</td><td>८२४६.५६</td><td>४५७६.०६</td><td>७३२१७</td></tr>
<tr><td>५</td><td>तिल्पुङ्ग ठाडो खोला कालीमाटी सडक</td><td>मेसिन मेड</td><td>१५</td><td>८२४६.५६</td><td>९०५.५६</td><td>१३५७५</td></tr>
<tr><td>६५</td><td>मुख्य सडक चकमके देखि वडा कार्यालय सम्म जाने बाटो</td><td>मेसिन मेड</td><td>१२</td><td>८२४६.५६</td><td>४५७६.०६</td><td>५४५५९</td></tr>
<tr><td>७३</td><td>अवल रिठ्ठे चिप्लेटी रातामाटा बेसारे झ्याले सालुके सडक</td><td>मेसिन मेड</td><td>३५</td><td>८२४६.५६</td><td>९०५.५६</td><td>३१६९५</td></tr>
<tr><td>१०३</td><td>बेलबोट कलामे कुद्यो मर्मत</td><td>मेसिन मेड</td><td>२२</td><td>८२४६.५६</td><td>९०५.५६</td><td>१९९२३</td></tr>
<tr><td>२१३</td><td>कोलडाँडा लाम्पनडाँडा बस्तीपुर</td><td>मेसिन मेड</td><td>२०</td><td>८२४६.५६</td><td>९०५.५६</td><td>१८११२</td></tr>
<tr><td>२२९</td><td>करौले पुवा खोला सडक</td><td>मेसिन मेड</td><td>१०</td><td>८२४६.५६</td><td>९०५.५६</td><td>९०५६</td></tr>
<tr><td>३०१</td><td>वागयाल सडक</td><td>मेसिन मेड</td><td>३०</td><td>८२४६.५६</td><td>९०५.५६</td><td>२७१६७</td></tr>
<tr><td>३५६</td><td>झुगा जोरसिमल जाने छर्छरे स</td><td>मेसिन मेड</td><td>२५</td><td>८२४६.५६</td><td>९०५.५६</td><td>२२६२९</td></tr>
<tr><td>२</td><td>शाखमाडी सनी वालाजोर सडक</td><td>मेसिन मेड</td><td>५०</td><td>८२४६.५६</td><td>९०५.५६</td><td>४५२७८</td></tr>
<tr><td>६</td><td>लङगुर दोभान शहरे ढुग्रेफेदी सडक</td><td>मेसिन मेड</td><td>१११</td><td>८२४६.५६</td><td>९०५.५६</td><td>१००५१८</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td></td><td></td><td>४१५७२९</td></tr>
</table></td><td>४१५७२९</td></tr>
<tr><td>४६.</td><td>ढुंगाको परिमाण नघटाएको - गो.भौ.२ मिति २०७६।०३।२५, सडक तथा अन्य निर्माण कार्य गर्दा साईटमा उपलब्ध हुने ढुंगा मध्ये कम्तीमा ४० देखि ८० प्रतिशत प्रयोग गर्नेगरी लागत अनुमान तयार गर्नुपर्दछ । कार्यालयका प्राविधिकबाट शाखमाडी सनी वालाजोर सडक निर्माण उपभोक्ता समितिलाई भुक्तानीको लागि तयार गरिएको नापी किताब तथा उपभोक्ता विलको आइटम नं. १ आईभीमा ब्रेकर लगाई विभिन्न २० वटा चेनेजमा हार्ड रक कटिङ्गको प्रति घ.मि. रु.१२०।५० का दरले २१७४।२५ घ.मि. कडा चट्टान फुटाउने कार्यको भएको छ । तर ३९२ घ.मि. ग्याविन वर्क र २९।२७ घ.मि. स्टोन वर्कका लागि आश्यक पर्ने ढुंगा २ कि.मि.भित्रबाट कलेक्सन गर्ने गरि प्रति घ.मि रु.१२८२।६० (प्रयोग गरिएको ढुंगामात्रको) का दरले ढुंगा खरिद गरी प्रयोग गरेको देखाईएको छ । एउटै निर्माणमा एकातर्फ ढुंगा फुटाई फाल्ने र सोही स्थानका लागि आवश्यक ढुंगा अन्तबाट खरिद गर्ने गरी लागत अनुमान स्वीकृत गरी भुक्तानी दिदाँ साईटमा उपलब्ध भएको निर्माण समाग्री प्रयोग भएन भन्न सकिने अवस्था देखिएन। सोही स्थानमा कार्य गर्दा उपलब्ध निर्माण सामाग्रीहरुको ३० प्रतिशत मात्र प्रयोग गर्दासमेत उक्त कार्यमा ६५२ घ.मि. ढुंगा प्रयोग गर्न सकिन्छ । तसर्थ उक्त सडक निर्माणमा साईटमा उपलब्ध हुने ढुंगासमेत बाहिरबाट कलेक्सन गरेको देखाएकोले ४२१।२७ घ.मि.को प्रति घ.मि.रु. ६४१।३० (१ कि.मि.भित्र ढुवानी समेत) का दरले रु.२७०१६१ थप व्ययभार भुक्तानी भएको देखिन्छ । तसर्थ तसर्थ यस सम्वन्धमा पालिकाले अनुगमन गरी प्रतिवेदन सहित साईटको ढुङ्गा प्रयोग योग्य नभएको र उक्त निर्माणमा प्रयोग नभएको स्पष्ट गर्नुपर्ने अन्यथा असूल हुनुपर्ने देखिएको रकम रु.</td><td>२७०१६१</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४७.</td><td>कार्य सम्पन्न प्रतिवेदन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ बमोजिम कार्य सम्पन्न प्रतिवेदन लिएर मात्र अन्तिम बिल भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकामा नेवासँगको सहकार्यमा खानेपानी योजनाको सञ्चालन तथा धारा जडान गर्न पालिकाले स्थानीय सामाग्री खरिद तथा ढुवानी र ज्याला लगायतका कार्यमा देहायको रकम पालिका समपुरक कोषबाट खर्च गर्ने गरी कार्यालयको तर्फबाट वडा अध्यक्षले हस्ताक्षर गरि देहायअनुसार योजनाहरुको समझदारी पत्रमा हस्ताक्षर भएको देखिन्छ । सोही अनुसार पालिकालाले देहायअनुसारको रकम उपलब्ध गराउने गरी लागत अनुमान तयार गरिएको र सोही बमोजम खानेपानी उपभोक्ता समितिले बिल तथा ढुवानीको भरपाई पेश गरि भुक्तानी लिएको देखिन्छ । तर उक्त कार्य भएको देखिने प्राविधिक विल- नापी किताब तथा कार्य सम्पन्न प्रतेवेदन समावेश गरेको पाईएन। जसका कारण निर्माण कार्य के कति सम्पन्न भएको हो पालिकाले आफ्नो अंश भन्दा घटी वा वढी के कति रकम उपलब्ध गराएको हो सोसमेत खुल्ने प्रमाण कागजात सहित देहायका निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.</th><th>योजनाको नाम</th><th>पालिकाबाट भुक्तानी रकम</th></tr>
<tr><td>७७ र ३९६</td><td>लाम्पनटार खानेपानी तथा सरसफाई उपभोक्ता समिति</td><td>१२८९४२५</td></tr>
<tr><td>२१४</td><td>वाङ्गरीफदी लाम्पनटार खानेपानी तथा सरसफाई उपभोक्ता समिति</td><td>२१०६२३५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३३९५६६०</td></tr>
</table></td><td>३३९५६६०</td></tr>
<tr><td>४८.</td><td>फलामे डण्डीको परिमाण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नेपाल सरकारबाट स्वीकृत नर्म्स तथा दररेट निर्धारण समितिले निर्धारण गरेको निर्माण सामग्री र ज्यालाको दर रेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारबाट स्वीकृत नर्म्स अनुसार भवन निर्माण कार्यमा डण्डीको परिमाण (तौल) पि.सी.सी. परिमाण को १ देखि १.५ प्रतिशतसम्म राख्ने अभ्यास रहेको र कार्यालयबाट यसै वर्ष सम्पन्न अन्य भवनमा समेत डण्डीको परिमाण गाणना गर्दा १.५ प्रतिशतलाई आधार लिई गरेको छ । गो.भौ.२३९ मिति २०७७।०३।२२ मा महिला भवन निर्माण कार्य अन्तरगत ११।४२ घ.मि.आर.सी.सी को कार्यका लागि १।३४ मे.ट. डण्डी मात्र लाग्नेमा उपभोक्ता बिलमा १।७३ मे.ट. डण्डीको प्रयोग हुने गरी लागत अनुमान तयार गरेकोमा र सोही परीमाण कार्य गर्ने गरी उपभोक्ता समितिसँग सम्झौता गरेको छ । कार्यालयले फलामे डण्डीको परिमाण गणना गर्दा बार शेडचूल सहितको विस्तृत गणना नगरी कंक्रिट (पि.सी.सी. फर आर.सि.सी) परिमाणलाई आधार लिई एक मुष्ट लमसममा परिमाण निर्धारण गरेको पाइयो । जसअनुसार उक्त कार्यमा ०।३९ मे.ट. डण्डीको प्रति मे.ट. रु.११७६११ का दरले रु.४५८६९ बढी भुक्तानी भएको देखिन्छ । बार सेडुअल बनाई उक्त परिमाणमा डण्डीको प्रयोग भएको प्राविधिक पुष्ट्याइँ पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने देखिएको रु.</td><td>४५८६९</td></tr>
<tr><td>४९.</td><td>माटो काट्ने कार्यमा बढी दर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको दरविश्लेषण अनुसार मन्छेबाट खन्ने कार्य गरेमा नरममाटोको प्रति घ.मि. रु.३६०।५० र कडामाटोको प्रति घ.मि.रु.४३२।६० दर कायम गरेको छ । पालिकाबाट संचालित अन्य योगजनाहरुमासमेत यही दर प्रयोग गरेको छ । तर पालिकाले देहायका योजनामा फरक दरको प्रयोग गरि उपभोक्ता समितिसँग सम्झौता गरी सोही दरमा नै भुक्तानी गरेकोले देहायअनुसार रकम बढी भुक्तानी हुन गएको देखिन्छ । तसर्थ उक्त रकम असूल गरि संचित कोष दाखिला हुनुपर्ने दिखएको रु.
<table>
<tr><th>गो.भौ</th><th>योजनाको नाम</th><th>माटोको प्रकार</th><th>कार्य भएको परिमाण घ.मि.</th><th>प्रयोग गरेको दर</th><th>बढी दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>४२४</td><td>कोटगाउँ सिपालि डुडे खानेपानि मर्मत</td><td>नरम</td><td>५०.५८</td><td>७२१</td><td>३६०.५०</td><td>१८२३४</td></tr>
</table></td><td>४२५५४१</td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

४२५	भालुखोला वाङ्गेटार लाम्पानटार लिफ्ट खानेपानी	कडा	६६.५०	११४६.३९	७१३.७९	४७४६०
३२०	गौरिखानी मावि जाने बाटो निर्माण	नरम	५५.९१	७२१	३६०.५०	२०१५६
३७६	वाफल दोभानटार ट्याक निर्माण	पहिरो	५६.२६	७२१	३६०.५०	२०२८९
३८०	भालुखोला रातामाटा लिफ्ट सिचाई	कडा	३९	११४६.३९	७१३.७९	२७८३८
३८६	टावङ्गे खोला थापा तथा डुडे र दोभान सिचाई कुलो	नरम	२८.९९	७२१	३६०.५०	१०४५१
		कडा	२८.९९	१४४२	१००९.४	२९२६२
३९३	पंचदलि सीचाई पोखरी	पहिरो	९८.२८	७२१	३६०.५	३४४३०
४०६	लाम्पनटार पल्लो रमौली लिफ्ट	कडा	४७.५०	११४६.३९	७१३.७९	३३९०५
१५०	चकमके खानेपानी ईनार पाईपलाईन	कडा	२२.५०	११४६.३९	७१३.७९	१६०६१
२०६	आरुबोट शिव मन्दीर	नरम	१४३.७४	७२१	३६०.५०	५१८१८
२१७	तापाटन धान पाकेट क्षेत्र कृषि भवन	कडा	५०.७८	७२१	२८८.४०	१४६४५
२२२	बेल्टार आरबिटी नजिक ईनार पाईपलाईन	कडा	४५	११४६.३९	७१३.७९	३२१२१
२६०	मजुवादोभान खेलमैदान	कडा	४८.७३	७२१	२८८.४०	१४०५३
२६६	खड्कुलो दोभानटार सिचाई	कडा	५३.९६	७२१	२८८.४०	१५५६३
२७५	गहते मलामी घर निर्माण	नरम	४२.१६	७२१	३६०.५०	१५१९९
२९२	जिर्गाहा हात्तीसार सडक	नरम	२१.३८	७२१	३६०.५०	७७०८
३०९	कालीखोला थापाडा सीचाई	कडा	२५.१३	७२१	२८८.४०	७१९८
९	भिमस्थान स्वस्थ्य चौकी	नरम	२८.३८	७२१	३६०.५०	९१५०
जम्मा						**४२५५४१**

५०. **बढी दरको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको दरविश्लेषण अनुसार ब्रिक वर्क १:६ को प्रति घ.मि. रु.१५०६७।२६, स्टोन म्यासनरी १:६ को प्रति घ.मि. रु. ७७०५।२२ र पि.सि.सि.१:२:४ को प्रति घ.मि.रु.१२९९६।९६ (सडक नर्म्स २०।२) दर कायम गरेको छ । पालिकाले देहायका योजनामा फरक दरको प्रयोग गरि उपभोक्ता समितिसँग सम्झौता गरी सोही दरमा नै भुक्तानी गरेको छ । जसकारण देहायअनुसार रकम बढी भुक्तानी हुन गएको देखिन्छ । तसर्थ उक्त रकम असूल गरि संचित कोष दाखिला हुनुपर्ने देखिएको रु. ५५३००

गो.भौ	योजनाको नाम	कार्य	कार्य भएको परिमाण घ.मि.	प्रयोग गरेको दर	बढी दर	बढी भुक्तानी
१४१	रातामटे पोखरी निर्माण	स्टोन १:६	११.९०	८१६३.०६	४५७.८४	५३०७
१४३	कन्याखोला मोटर बाटो	सोलिङ्ग	३२.८०	२६६६.६१	४७१.६१	१५४६७
२२१	पत्यानी कृषि भवन	ब्रिक १:६	१२.४९	१५७०४.३०	६३७.०५	७९५७
३२३	गोलेडाडा बुद्ध मन्दीर	ब्रिक १:६	९.१५	१५७०४.३०	६३७.०५	५८२९
३८७	वडा कार्यालय घेराबार	ब्रिक १:६	२२.७५	१५७०४.३०	६३७.०५	१४४९३
७५	वाङ्गेटार काडाङ सडक खण्ड सोलिङ्ग तथा ढलान	१:२:४	३४.२३	१३४५६.२०	४५९.२४	१५७२
४३९	न्याउले बलिटार हाईछाप सडक	१:२:४	१०.१८	१३४५६.२०	४५९.२४	४६७५
जम्मा						**५५३००**

५१. **बढी भुक्तानी** - गो.भौ. ३८८ मिति २०७७।०३।२५ बाट फेदी गुम्वा निर्माण कार्यको लागि तयार गरीएको लागत अनुमानमा ईलेक्ट्रीफिकेसन एण्ड प्लम्विङ कार्यलाई लमसममा राखि रु.१०००० लाग्ने उल्लेख छ । तर उक्त कार्यको नापी तथा प्रविधिक मुल्यंकनमा लमसममा रु.२०००० समावेश गरी सम्झौतामा उल्लेख

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>गरिएको भन्दा रु.१०००० बढी भुक्तानी दिएको छ । तसर्थ बढी भुक्तानी भएको असूल हुनुपर्ने देखिएको रु.</td><td>१००००</td></tr>
<tr><td>५२.</td><td>फरक स्थानमा कार्य गरेको - गो.भौ.४७ मिति २०७७।११।२३ निवुवाटार नक्कले सडक ट्र्याक खन्ने कार्य गर्ने गरी रु.३९९६४४ को लागत अनुमान तयार गरी ० देखि ८०० मिटरसम्मको चेनेजसम्म सडक ५ मिटर चौडा गर्ने गरी पालिकाले उपभोक्ता समितिसँग सम्झौता गरेको छ । तर उपभोक्ता समितिले पालिकाले तोकेभन्दा फरक स्थानमा ६०० मिटर लम्बाईमा सडक चौडा गर्ने कार्य गरी रु.२८८००० भुक्तानी लिएको पाईयो। तोकीएको स्थान तथा कार्यभन्दा फरक कार्य गरी भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.</td><td>२८८०००</td></tr>
<tr><td>५३.</td><td>फरक नर्मस प्रयोग गरी वढी भुक्तानीः गो.भौ.१ र ६ मिति २०७७।३।१७ पुष्पलाल स्मृति भवन निर्माण कार्यको लागत अनुमान तयार गर्दा आरसीसी १:१.५:३ को दर प्रति घ.मि. रु.१५३०९ (भवन निर्माण नर्म्स डी २-७-४ख अनुसार) हुन आउछ । पालिकाले फरक नर्म्सको प्रयोग गरी प्रति घ.मि. रु.१५९६८ कायम गरी सोही दरमा उपभोक्ता समितिसँग सम्झौता गरी भुक्तानी दिएको देखिएकोले प्रति घ.मि. रु.६५९ का दरले ६३।१६ घ.मि.मा रु.४१६२३ बढी भुक्तानी भएको देखिन्छ । त्यसैगरी पहिलो तलामा १:४ को ईटाको वाल लागाउने कार्यको प्रति घ.मि. दर रु.१५७०४ प्रयोग गर्नुपर्नेमा १६०८२।०५ प्रयोग गरेकोले प्रति घ.मि. रु.३७८/०५ का दरले ईटाको कार्य ५८।८५ घ.मि.मा रु/ २२२४८/२४ बढी भुक्तानी भएको देखियो । आरसीसी तथा ईटाको कार्यमा बढी भुक्तानी भएको रकम असूल गरी संचित कोष दाखिला हुनुपर्ने रकम रु.</td><td>६३८७१</td></tr>
<tr><td>५४.</td><td>ईटाको बिल – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (१०) मा उपभोक्ता समितिले हरेक किस्ताको रकम कामको प्राविधिक मुल्यांकन, खर्चका विल भरपाई, तथा खर्च प्रमाणीत गर्ने अन्य कागजातहरु त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्न व्यवस्था छ । तर देहायअनुसार योजनामा ब्रिक म्यासनरी कार्यको परिमाणका लागि आवश्यक निर्माण सामाग्री खरिद परिमाण पुग्ने बिल स्रेस्तामा संलग्न रहेको पाईएन । तसर्थ ईटा खरिद गरेको बिल पेश हुनुपर्ने अन्यथा निम्नानुसारको रकम असूल हुनुपर्ने रकम रु.

(लागत अनुमानमा ईटाको प्रतिगोटा मुल्य रु.१८।०८ राखिएकोले सोही अनुसार मुल्यांकन गरिएको)
<table>
<tr><th>गो.भो</th><th>योजनाको नाम</th><th>कार्य परिमाण</th><th>आवश्यक पर्ने ईटा संख्या</th><th>उ/स/ले खरिद गरेको ईटा</th><th>नपुग ईटा</th><th>रकम</th></tr>
<tr><td>६</td><td>पुष्पलाल स्मृति भवन निर्माण</td><td>५८.९३</td><td>३३०००</td><td>२२०००</td><td>११०००</td><td>१९८८८०</td></tr>
<tr><td>९</td><td>तीनपाटन ब/ क्याम्पस भवन निर्माण</td><td>२४.७४</td><td>१३९००</td><td>१००००</td><td>३९०००</td><td>७०५१२</td></tr>
<tr><td></td><td>जम्मा</td><td>८३.६७</td><td>४६९००</td><td>३२०००</td><td>५००००</td><td>२६९३९२</td></tr>
</table></td><td>२६९३९२</td></tr>
<tr><td>५५.</td><td>लागत अनुमानमा भन्दा फरक कार्य – गो.भौ.४३९ मिति २०७७।०३।२९, न्याउले बलिटार हाईछाप वडा नं.१० हुदै वडा कार्यालय सादिपवुरे जोडने सडकमा रु.३३१०८।९६ को ४१ वटा २*१*१ को ग्याविन लगाउने कार्यसमेत रु.३९५७२७३ को लागत अनुमान तयार गरी पालिकाले रु.३३६०००० र उपभोक्ताले रु.५९७२७३ बेहोर्ने गरि उपभोक्ता समितिसँग सम्झौता गरेको छ । उपभोक्ता समितिले उक्त ग्याविनको कार्य नगरी स्थानीय स्तरमै पाउने ढुंगाहरु प्रयोग गरी १६५ मिटरमा ३३७।५० घ.मि.ड्राई स्टोन म्यासनरी वाल लगाएको नापी किताब बाट देखिन्छ ।उपभोक्ता समितिले डिजाईन परिवर्तन गरी अनुमान भन्दा फरक कार्य गर्दा पालिकाको सहमती लिनु पर्नेमा सोसमेत गरेको देखिएन। जसबाट एकातर्फ सडक स्टक्चर कमजोर हुने देखिन्छ भने अर्को तर्फ ग्याविन भर्नको लागि ढुंगा खरिदसमेतको लागत अनुमान बनाईएकोमा ड्राई स्टोन म्यासनरी लगाउदासमेत सोही स्थानमा पाउने ढुंगा खरिद गरी वाल लगाएको प्राविधिक मुल्यांकन गरीएको छ । ५०० मिटर आसपासबाट स्टोन कलेक्सन विधिबाट उक्त कार्यको दर विश्लेषण गर्दा उक्त कार्यको प्रति घ.मि.रु.५८७।६० का दरले घटी लागत लाग्ने देखिन्छ । जसअनुसार ३३७।५० घ.मि.मा रु.१९८३१५</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	बढी भुक्तानी दिएको देखिन्छ भने प्राविधिक पुष्टाई वेगर ड्राई स्टोन म्यासनरीको कार्य गरेकोसमेत नियमित देखिएन । तसर्थ बढि भुक्तानी भएको रकम रु.१९८३१५ असूल गरी लागत अनुमानभन्दा फरक कार्य गर्नुको प्राविधिक पुष्टाई पेश हुनुपर्ने रु.	१९८३१५
५६.	**फर्निसिङ्गमा बढि भुक्तानी -** गो.भौ.१ र ६ मिति २०७७।३।१७ पुष्पलाल स्मृति भवन निर्माण कार्यको फर्निसिङ्ग अन्तरगत लमसममा रु.२००००० राखी उपभोक्ता समितिसँग सम्झौता गरीएको छ । तर उक्त कार्यको नापी तथा मुल्यांकन र उपभोक्ता बिलमा लागत लमसममा रु.२६०००० समावेश गरी लागत अनुमानमा भन्दा रु.६०००० बढी भुक्तानी दिएको देखिन्छ। तसर्थ लागत अनुमानमा लमसममा राखि सम्झौता भएकोमा सोही अनुसारमात्र भुक्तानी दिन मिल्नेमा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने देखिएको रु.	६००००
५७.	**एकमुष्ट लागत अनुमान** – निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सको प्रयोग गरि आईटम वाईज दर विश्लेषण गरी गर्नुपर्दछ । पालिकाले पुष्पलाल स्मृति भवन निर्माण कार्य अन्तरगत फर्निसिङ्ग, ईलेक्ट्रीफिकेसन र स्यानीटरी कार्यको लागि लमसममा क्रमश रु.२०००००, १५०००० र २००००० राखि लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरी गो.भौ.१ र ६ मिति २०७७।३।१७ बाट सोही अनुसार नै भुक्तानी दिएको छ। यसरी एकमुष्ट रकम राखि भुक्तानी दिदाँ उपभोक्ता समितिबाट तोकीए अनुसार कार्य भए नभएको एकीन गर्न सकिने अवस्था रहेन । तसर्थ लागत अनुमान तयार गर्दा मापन योग्य र तुलना गर्न मिल्ने गरी एकमुष्ट लामसममा नराखि आईटम वाईज दर राख्नु पर्दछ ।	
५८.	**ग्राभेलको कार्य घटी गरेको** – पालिकाले गो.भौ.५४ मिति २०७६।११।२३ बाट तीनपाटन १ घलेवारी सडक मर्मत कार्यको लागि उपभोक्ता समितिलाई रु.७६८००० भुक्तानी दिएको छ । उक्त कार्यको लागत अनुमान अनुसार उपभोक्ता समितिले २१२ मिटर सडकमा ६ मिटर चौडाई भएको १२३५ व.मि.ग्राभेल गर्ने भनी पालिका सँग सम्झौता गरेकोमा सडक खन्ने कार्य तर्फ परिमाण बढाई २६५ मिटरमा ३ मिटर चौडाई ७९५ व.मि. मात्र ग्राभेलको कार्य गरेको देखिन्छ । यसरी उपभोक्ता समितिले सडक स्तर उन्नती गर्ने कार्यमा लागत अनुमानभन्दा फरक हुने गरी कार्य गर्दा पालिकाको सहमती लिनु पर्नेमा सोसमेत गरेको देखिएन। जसबाट उपभोक्ता समिति खन्ने पुर्ने कार्यमा मात्र बढी केन्द्रीत भएको तथा सडकको स्तरउन्नतीमा ध्यान नदिएको देखियो । तसर्थ उपभोक्ता समितिलाई सम्झौतामा उल्लेख भए बमोजिमका कार्य नगरेको अवश्थामा पनि भुक्तानी दिनुको कारण सहित उक्त सडक निर्माण कार्यमा ४७० व.मि.मा प्रति व.मि.रु.३११ का दरले रु.१४६१७० को घटि कार्य गरेको अवस्थामा पनि सम्पादित कार्य स्वीकार गर्नुको प्राविधिक पुष्टाई पेश हुनुपर्ने रु.	१४६१७०
५९.	**परिमाण गणनामा त्रुटी** – नापी कितामा उल्लेख भएको परिमाणका आधारमा ठेक्का तथा उपभोताको प्राविधिक विल तयार गर्नुपर्दछ । तर गो.भौ.७ हर्रा भञ्याङ्ग कोचे शिद्धगुफा सिम्ले सडक खन्ने कार्य अन्तरगत ० देखि २५८० सम्म १९८२३ घ.मि.खन्ने कार्य गर्ने गरी रु.१६९४६४६ मा उपभोक्ता समितिसँग सम्झौता गरेको छ । प्राविधिकले तयार गरेको नापी किताब अनुसार उपभोक्ता समितिले ० देखि १४७० सम्म सडक निर्माण गर्दा १४६१६ घ.मि. मात्र सडक खन्ने कार्य गरेको छ । प्राविधिकले तयार गरेको उपभोक्ता नापि अनुसार १४७० मिटर सडक खण्डको कुल परीमाणलाई नरम माटोको परिमाण ४८५५ घ.मि., कडा माटो ५७७७ घ.मि., नरम २९८८ .मि. र कडा चट्टाको परिमाण ९९६ घ.मि. रहेको देखिन्छ । तर उपभोक्ता समितिको प्राविधिक विल तयार गर्दा अन्य परिमाण नापि किताब अनुसार ने रहेकोमा नरम माटोको परिमाणमा कुल परीमाण १४६१६ नै समावेश प्रति घ.मि. ६२।९९ का दरले गणना गरि भुक्तानी दिएको देखिन्छ । जसअनुसार नरम बाटो काटने कार्य तर्फ ९७६१।०६ घ.मि. बढी परिमाण गणना भई प्रति घ.मि. र.६२।९९ का दरले रु.६१४८४९ बढी भुक्तानी भएकोले उक्त रकम असूल गरि संचित कोष दाखिला हुनुपर्ने दिखएको रु.	६१४८४९

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
६०.	**मेसिनले खानेकोमा म्यानुअल दरमा भुक्तानी - गो.**भौ.१४४ मिति २०७७।०२।१९ बाट भाल्चन तित्रेडाँडा निर्माणकार्यको नाली मान्छे लागाई खन्ने गरी लागत अनुमान तयार गरि उपभोक्ता समितिसँग सम्झौता गरेको छ । तर उपभोक्ता समितिले उक्त सडक नालि निर्माणका लागि मेसिनको प्रयोग गरेको देखिने फोटा तथा श्रेस्तामा संलग्न बिल समावेश रहेको छ । तर पालिका प्राविधिकले तयार गरेको नापी तथा मुलयंकनमा उक्त कार्य मान्छेबाट भएको भनी प्रति घ.मि.३६०।५० र ४३२।६० का दरले भुक्तानी भएको छ । उपभोक्ता समितिले मेसिन लगाई कार्य गरेको अवस्थामा समेत प्रति घ.मि.रु.६२।९९ र ७५।७० को दरमा भुक्तनी हुनुपर्नेमा म्यानुअल दरमा भुक्तानी गर्दा प्रति घ.मि.रु.२९७।५१ र ३५६।९० का दरले नरम माटो १७ घ.मि.मा रु.५०५६ र कडा मटो १७ घ.मि.मा ६०७७ गरी रु.११९३३ बढी भुक्तानी भएको देखिन्छ । तसर्थ बढी भुक्तानी भएको रकम असूल गरी संचितकोष दाखिला हुनुपर्ने रकम रु.	११९३३
६१.	**सडकको लम्बाई भन्दा लामो नाली –** पहाडी भिरालो बाटोमा भित्ता तर्फ एक तर्फी सडकमा नाली निर्माण गर्दा नालीको लम्बाई अधिकतम् सडकको लम्बाई बराबरको मात्र हुनुपर्दछ । तर पालिका प्राविधिकले तयार गरेको नापी किताब अनुसार तपसिल बमोजिमका सडक योजनामा सडकको लम्बाई भन्दा लामो नाली निर्माण गरेको देखिन्छ । जसबाट उक्त सडकमा नाली निर्माण कार्यमा तपसिल बमोजिम बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने देखिएको रु.	१४६१०८

गो. भौ.	निर्माण कार्य	सडकको लम्बाई	नालीको लम्बाई	सडक भन्दा नालीको बढी		दर	बढी भुक्तानी
				लम्बाई मि.	परिमाण घ.मि.		
३१४	ठाडो खोला वडा कार्यालय कालिमाटी सडक	९२५	१४००	४२५	३८.२५	३६०.५	१३७८९
१७४	खोर भञ्ज्याङ्ग जुके दमार सोलिङ्ग तथा जाला निर्माण	२४९०	४०००	१६००	१९६	३६०.५	७०६५९
२१८	कन्याखोला आम्बोटे खानीथान सडक	१५२०	३०००	१४८०	९२.५०	३६०.५	३३३४६
१९९	खर्रा भञ्याङ्ग महाभिर मोटर बाटो	२०८०	२५००	४६०	५६.३५	३६०.५	२८३१४
जम्मा							**१४६१०८**

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
६२.	**मू.अ.कर समायोजन –** मूल्य अधिवृद्धि कर नियमावली, २०५३ (एकाइसौ संशोधन) को नियम ६(ग) मा सरकारी निकाय वा नेपाल सरकारको स्वामित्व भएको संघसस्थाले ठेक्का वा करार सम्झौता अन्तर्गत वस्तु तथा सेवाको आपूर्ती गर्दा सम्बन्धित ठेकदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशतले हुन आउने रकम कट्टा गरी निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी ५० प्रतिशत मात्र भूक्तानी दिने उल्लेख छ । तर पालिकाले तपसिल बमोजिमका कार्यमा नियमानुसार ५० प्रतिशत मू.अ.कर रकम कट्टी गरेको पाईएन। त्यसैले सम्बन्धित निर्माण व्यवसायि वा आपुर्तिकर्तालाई पालिकाबाट भूक्तानी भएको मु.अ. कर रकम समायोजन गरेको प्रमाण पेश हुने पर्ने रु.	६५३७५९

गो.भौ.। मिति	सामान/योजनाको नाम	निर्माण व्यवसायि/सप्लायर्स	भुक्तानीमा मु.अ.कर	५० प्रतिशत रकम रु
२०३-२०७७/३/२७	खानेपानी पाईप खरिद	दुलाल सप्लायर्स	५५१२१	२७५६१
१६८-२०७७/२/२१	मेसीनरी औजार	कमलामाई कम्प्युटर सप	५३१०५	२६५५३
६-२०७६/६/१०	वडा भरी भरीका बाटो सरसफाई	थापा कन्ट्रक्सन	५७१६४	२८५८२
१२७-२०७७/२/१५	पालिका भवन निर्माण	ए.एम. पाईनस जे.भी.	७५७७६१	३७८८८१
१०७-२०७७/२/१४	वडा नं.९ कार्यलय भवन	पुलामी निर्माण सेवा	८११६९	४०५८५
२५१-२०७७/३/१७	जिर्गाहा कोटगाउँ सिचाई आयोजना मर्मत	मिजाम कन्ट्रक्सन सर्भिस	५४९४७	२७४७४
४८०-२०७७/३/३१	एडीबी अनुदान पोल ढुवानी	दाहाल ढुवानी सेवा	५७३६१	२८६८१
५-२०७७/३/३१	चकमके तिल्पुम मुल बाटो ग्राभेलिङ्ग	रुद्र निर्माण सेवा	४८१९४	२४०९७

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>६-२०७७/३/३१</td><td>चकमके आम्बोटे सडक खण्ड ग्राभेलिङ्ग</td><td>बाराकोटी निर्माण सेवा</td><td>४८२०७</td><td>२४१०४</td></tr>
<tr><td>७-२०७७/३/३१</td><td>शाखमाडी चकमके सडक खण्ड ग्राभेलिङ्ग</td><td>बल कन्ट्रक्सन</td><td>४८३१५</td><td>२४१५८</td></tr>
<tr><td>११-२०७७/३/१३</td><td>वडा नं ४ लुभु स्वास्थ्य चौकी मर्मत</td><td>बाराकोटी निर्माण सेवा</td><td>४६१८५</td><td>२३०९३</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td>६५३७६९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६३.</td><td>रिटेन्सन मनी कट्टी नगरेको - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम१२३(४) मा कुनै पनि निर्माण कार्यको रनिङ बिल भुक्तानी दिदाँ बिलमा उल्लेखित रकमको ५ प्रतिशत रकम कट्टी गरी बाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले तपसिल बमोजिम निर्माण कार्य/मालसामान आपुर्तीको ठेक्कापट्टा गर्कोमा रिटेन्सन मनी बापतको ५ प्रतिशत रकम कट्टी नगरी भुक्तानी गरेको पाईयो ।उक्त कार्यको डीएलपी पिरेड सकिय पश्चात निर्माण व्यसायि/आपुर्तकले कार्यालयबाट भुकतानी लिएको मू.अ.कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश गरे पश्चात मात्र फिर्ता गर्ने गरी असूल गरी धरौटीमा जम्मा हुनुपर्ने देखिएको रु
<table>
<tr><th>गो.भौ.। मिति</th><th>योजनाको नाम</th><th>निर्माण व्यवसायि</th><th>भुक्तानी रकम मु.अ.कर बाहेक</th><th>रिटेन्शन मनी रु</th></tr>
<tr><td>२५१-२०७७/३/१७</td><td>जिर्गाहा कोटगाउँ सिचाई आयोजना मर्मत</td><td>मिजाम कन्ट्रक्सन सर्भिस</td><td>४२२६७२</td><td>२११३४</td></tr>
<tr><td>५-२०७७/३/३१</td><td>चकमके तिल्पुम मुल बाटो ग्राभेलिङ्ग</td><td>रुद्र निर्माण सेवा</td><td>३७०७२३</td><td>१८५३७</td></tr>
<tr><td>६-२०७७/३/३१</td><td>चकमके आम्बोटे सडक खण्ड ग्राभेलिङ्ग</td><td>बाराकोटी निर्माण सेवा</td><td>३७०८२६</td><td>१८५४२</td></tr>
<tr><td>७-२०७७/३/३१</td><td>शाखमाडी चकमके सडक खण्ड ग्राभेलिङ्ग</td><td>बल कन्ट्रक्सन</td><td>३७१६६०</td><td>१८५८३</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td>७६७९६</td></tr>
</table>
</td><td>७६७९६</td></tr>
<tr><td>६४.</td><td>पालिका भवन निर्माण –ठे.नं.०१-२०७६।७७, भवन निर्माण कार्यको लागि रु.६३४२२९४९।८६ कोलागत अनुमान तयार गरी ईबिड मार्फत ठेक्का व्यवस्थापन गरेकोमा निर्माण व्यवसायि श्री ए.एम. पाईनस जे.भी.ले सबैभन्दा घटी रु.४८३४१५३५।२३ अर्थात लागत अनुमानको तुलनामा २३।७८ प्रतिशत घटी कबोल गरेको छ । पालिका र निर्माण व्यवसायि बीच मिति २०७६।१०।०९ मा सम्झौता भएकोमा निर्माण व्यवसायिलाई रु.२ करोड बराबरको कार्य २०७७।०३।२५ सम्म सम्पन्न गर्ने र बाकी रकम बजेट व्यवस्था भएन अनुरुप २०७९।०३।२५ भित्र सम्पन्न गर्ने गरी सम्झौता भएको छ । यस वर्ष उक्त कार्यको लागि पालेकाले पालिका भवन निर्माणका लागि प्राप्त संघीय समपुरक रु.६७००००० समेत सेकेन्ड रनिङ्ग बिलसम्म रु.१७३४४८६९।६६ खर्च भएको छ। लेखापरीक्षण अवधिसम्म उक्त भवन निर्माण कार्य अन्तरगत तिन तला ढलान गर्ने कार्य सम्पन्न भएको र अन्य कार्यहरु बजेट अभावका कारण क्रमागत योजनामा समावेश गरी गरीदै आएको कार्यालयको भनाई रहेको छ । पालिकाको दैनिक कार्य संचालनका लागि विभिन्न ७ वटा घर भडामा लिई संचालन भई रहेको अवस्थामा पालिका भवन निर्माण सम्पन्न् गर्न आवश्यक बजेट व्यवस्था गरि कार्य गराउदा पालिकाले वर्षेनी घरभाडा वापत खर्च गरी रहेको रु.१२९१००० जोगिने र कार्यालयको सेवा प्रवाहमासमेत थप प्रभावकारीता आउने देखिन्छ । तसर्थ पालिकाको भवन निर्माणका लागि आवश्यक बजेट व्यवस्था गरी समयमै निर्माण कार्य सम्पन्न गराउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६५.</td><td>पि.एस.को बिल पेश नभएको – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा लेखा राख्दा बिल भर्पाइ सहित लेखा राख्नु पर्ने व्यवस्था छ । निर्माण कार्यमा पि.एस. आईटम अन्तरगत रहेको रकम भुक्तानी गर्दा निर्माण व्यवसायिले पेश गरेको बिल भरपाई बराबरको रकम मात्र खर्च लेख्नु पर्दछ। तर वडा नं.९ कार्यालय भवन निर्माण कार्यको प्रथम बिल वापत निर्माण व्यवसायि श्री पुलामी निर्माण सेवालाई पि.एस. वापत रु.१५००० र मु.अ.कर रकम रु.१९५० समेत रु.१६९५० भुक्तानी दिएकोमा बिल समावेश गरेको पाईएन। तसर्थ निर्माण व्यसायिबाट उक्त पि.एस. रकम बराबरको बिल पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने देखिएको रु.</td><td>१६९५०</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>६६.</td><td>विद्युत विस्तार सामग्री खरिद – ठे.नं.१४-२०७५।७६, पालिका भित्र विद्युत सेवा नपुगेको वडामा विद्युत लाईन विस्तारका लागि आवश्यक ट्रान्सफरमर, पोल लागयततका सामाग्री खरिदका लागि ठेक्का व्यवस्थापन गरीएकोमा श्री पि एण्ड डी के बिल्डर्सले ढुवानी वापत रु.२१६७९० समेत रु.८४१०७०२।२१ गर्ने गरी पालिका र सप्लायर्स बीच २०७७।०५।१७ सम्म सम्पन्न गर्ने गरी २०७६।०४।१६ मा सम्झौता भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेका छन् ।</td><td></td></tr>
<tr><td>६६.१.</td><td>पालिका र सप्लायर्य बीच २०७७।०५।१७ भित्र सम्पन्न गर्ने गरी २०७६।०४।१६ मा सम्झौता भएकोमा सप्लायर्यले कार्य सम्पादन जमानत वापत २०७७।५।१७ सम्म मात्र म्याद भएको कृषि विकास बैंक लिमिटेडको रु.४२५००० जमानत राखेको छ । तर निजले ३९८ थान पोल वर्षाको कारण देखाई सिन्धुलीमाडी मै अनलोड गरेकोमासमेत कार्यालयले निजलाई ढुवानी वापत रु.१८६७८९ समेत रु.८३७६८०२ को कार्य सम्पन्न देखाएको छ । निजले पालिकासम्म ढुवानी गर्ने गरी सम्झौता गरेकोमा उक्त कार्य नगरेको अवस्थामा निजको कार्य सम्पादन जमानत असूल गरी बाकी कार्य गराउनु पर्नेमा पालिकाले सोसमेत गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>६६.२.</td><td>साप्लायर्यले सिन्धुलीमाडी स्थीत अनलोड गरेको विद्युतका पोलहरु ढुवानी गर्ने कार्य अमानतबाट गराई गो.भौ.४८१ बाट ४७ थान पोल ढुवानी गरेको भनी श्री दिपकुमार मल्लाई रु.३७६०० र दीलिप कुमार समालालाई ७२ थान पोल ढुवानी गरेको भनी रु.७९२०० गरी रु.११६८०० भुक्तानी दिएको छ। सप्लायर्सले ढुवानीवापत रु.२१६७९० कबोल गरेकोमा आंशिक ढुवानीको रु.१८६७८९ भुक्तानी दिएकोले पोल ढुवानीमा रु.३०३५८९ खर्च भएको छ । जुन कार्य सप्लायसले सम्झौता अनुसार गर्दा रु.२१६७९० मै सम्पन्न हुनेमा सो उक्त कार्य पुरा नगर्दा पालिकालाई रु.८६७९९ बढी व्याभार पारेको छ । तसर्थ बढी व्ययभार पारेको रकम निजबाट असूल हुनुपर्ने अथवा निजको नाममा कट्टी गरिएको ५ प्रतिशत रिटेन्सन मानि फिर्ता गर्दा कट्टी गरी संचित को दाखिला गर्नुपर्ने देखिएको रु.</td><td>८६७९९</td></tr>
<tr><td>६७.</td><td>एज बिल्ट ड्रइङ्ग - पालिका र निर्माण व्यवसायि बीच भएको सम्झौताको स्पेशल कन्डिसन अफ कन्ट्र्यकको जी.सी.सी.५६.१ मा कार्यसम्पन्न निर्माण व्यवसायीले कार्य सम्पन्न गरी अनतीम भुक्तानी लिने अवस्थामा एज बिल्ट ड्रइङ्गपेश गर्नु पर्ने र सो डकमेण्ट पेश नगरेमा सम्झौता रकमको ५ प्रतिशत रकम रकम रोक्का (विद हेल्ड) गरीने उल्लेख रहेको छ । तर पालिकाबाट यस वर्ष निर्माण सम्पन्न गरेको निर्माण कार्यको अन्तीम विल भुक्तानी लिदाँ सम्झौतामा उल्लेख भएअनुसार (लेखापरीक्षण अवधि २०७७।१०।१० सम्म पनि) एज विल्ट ड्रइङ पेश भएको पाइएन् । तसर्थ एज बिल्ट ड्रईङ्ग पेश नभएकोले असूल हुनुपर्ने देखिएको रकम रु.
<table>
<tr><th>ठे.नं.</th><th>निर्माण कार्य</th><th>निर्माण व्यवसायि</th><th>सम्झौता रकम</th><th>एजविल्ट वापतको हुने रकम</th></tr>
<tr><td>SQ/05/2076/77</td><td>वडा नं ३ कार्यालय भवन</td><td>तिमल्सीना निर्माण सेवा</td><td>१२२९४६९.६९</td><td>६१४७३</td></tr>
</table></td><td>६१४७३</td></tr>
<tr><td>६८.</td><td>गो.भौ.४७४ मिति २०७७।०३।३१ वडा नं.१ अधुरो कार्यालय निर्माण कार्यको लागि दोस्रो रनिङ्ग बिलबाट रु.१६-३०-४३७ समेत रु.३०-८५-७७५।८७ भुक्तानी भएको छ । यससम्बन्धमा देखिएका अन्य व्यहोराहरु यसप्रकार रहेका छन ।</td><td></td></tr>
<tr><td>६८.१.</td><td>साविकको जिल्ला प्राविधिक कार्यलयबाट ठेक्का व्यवस्थापन भई ढकाल कन्ट्रक्सन र सो कार्यालयसँग उक्त भवन निर्माण कार्य २०७४।०२।११ भित्र सम्पन्न गर्ने गरी २०७३।०२।१२ मा रु.५४४६०६६।८७ को सम्झौता भएको थियो। साविकको बेलघारि गा.वि.स.ले रु.१६८६००० र जिल्ला प्राविधिक कार्यालयले रु.३८ लाख बेहोर्ने गरि ठेक्का व्यवस्थापन भएकोमा सो अविधि भित्र निर्माण व्यवसायीलाई प्रथम रनिङ्ग बिल वापत रु.१४५५३३८।८७ भुक्तानी दिएको देखिन्छ । सम्झौता अवधि २०७४।०२।११ भित्र व्यवसायीले</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सो कार्य पूरा गरेको देखिएन। ततपश्चात विभिन्न कारणले उक्त निर्माण कार्य अधुरो रहेकोमा यस वर्ष साविककै बीओक्यू तथा दरमा बाँकी निर्माण कार्य २०७७।०३।२५ भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायि र पालिका बीच २०७६।१२।१९ मा पुनः सम्झौता भएको छ । निर्माण कार्य सम्पन्न हुने मिति देखि १२ महिना थप अविधको कार्यसम्पादन जमानत पेश गर्न लगाई सम्झौता गर्नु पर्नेमा निर्माण व्यवसायिले २०७७ आषाढ मसान्तसम्म मात्र म्याद भएको जामनत स्वीकार गरी पालिकाले सम्झौता गरेको देखियो। नियममा तोकिए अनुसारको अवधि खाम्ने गरी कार्य सम्पादन जमानतको म्याद थप गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६८.२.</td><td>निर्माण व्यवसायिले उक्त समय भित्र रु.१६३०४३७ को मात्र कार्य गरेकोले दोस्रो रनिङ्ग बिलसम्म भुक्तानी भएको छ । तर उक्त अविध भित्र पनि निर्माण व्यवसायिले कार्य सम्पन्न गरेको देखिएन । पालिकाले २०७७।८।१२ मा कार्यसम्पादन जमानतको म्याद २०७८ आषाढ मसान्त सम्म थप गरी पेश गरि कार्य सम्पन्न गर्न पालिकाले पत्राचार गरेकोमा निर्माण व्यवसायिले तत्परता नदेखाएको भनी २०७७।०९।१३ मा ठेक्का रद्द गरि निर्माण व्यवसायिलाई जानकारी पठाएको छ । यसरी ठेक्का पट्टा रद्द गर्दा निर्माण व्यवसायिको कार्य सम्पादन जमानत जफत गर्नुपर्नमा निर्माण व्यवसायिले नियममा तोकीएको भन्दा घटी अविधको कार्य सम्पादन जमानत राखि सम्झौता भएकोले पालिकाले सोसमेत गर्ने अवस्था रहेको देखिएन । साथै निर्माण व्यसायिलाई कुनै कारबाहीको सिफारिस समेत भएको पाईएन । तसर्थ यसरी नियमा तोकिए अनुसार जमानत राख्न नलगाई अधुरो निर्माण गर्दासमेत निर्माण व्यासायिलाई प्रत्यक्ष फाईदा हुने गरी ठेक्का रद्द गर्नेलाई जिम्मेवारी बनाई रिटेन्सन मानी वापत कट्टी रकम प्राविधक कार्यालयतर्फको रु.६४३९६ र पालिकातर्फको रु.७२१४४ समेत रु.१३६५४० जाफत गरी स्थानीय संचित कोष दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>१३६५४०</td></tr>
<tr><td>६९.</td><td>पाईप वितरण – सार्वजनिक खरिद नियमावलीको को नियम १० अनुसार निर्माण सामाग्रीको लागत अनुमान तयार गरी खरिद कारबाही गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायअनुसर पाईपहरु सोझै खरिद गरेकोमा लाभग्रीहीलाई कुन कुन सूचाकांकको आधारमामा के कति पाईप दिईएको हो तथा वितरित पाई जाडान भए नभएको सो समेत खुल्ने प्राविधिक मुल्यांकनसमेत समावेश गरेको पाईएन। प्रत्येक वडाले माग तथा सूचाकांकको आधारमा के कति परिमाणमा पाईप लगायतका सामानहरु आवश्यक परेको छन माग संकलन गरी पालिकामा पठाउने तथा पालिकाले प्रतिस्पर्धाको माध्यमबाट उक्त पाईप खरिद गरी तयार गरिएको सूचाकांको आधारमा वितरण गर्ने गरी सुधार गर्नुपर्दछ । साथै उक्त पाईपहरु जाडन भएको प्राविधिक विल पेश हुनुपर्ने रु.
<table>
<tr><th>भौ.नं.</th><th>पाईप सप्लायर्स को नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>२३</td><td>दुलाल सम्लायर्स</td><td>वडा नं १० का अध्यक्षाको सिफारिसमा दुलाल सप्लायर्सबाट विभिन्न साईजका पाईप खरिद गरि ४२ जनालाई जनही १० देखि ५०० मिटर सम्म पाईप वितरण गरिएकोले सप्लायर्सलाई भुक्तानी दिन अनुरोध भए बमोजिम कार्यालयले रु.४७९१३० लाख भुक्तानी दिएको छ । सप्लायर्सबाट वडा नं १० को अध्यक्षले बुझेर लिई वडाबाट वितरण गरिएका उक्त पाईपहरु जडान भएको प्राविधिक मुल्यांकन तथा जिन्सी दाखिला नभएको</td><td>४७९१३०</td></tr>
<tr><td>४५१</td><td>रन्जितकार ईन्टरप्राईजेज</td><td>पाईपहरु जडान भएको देखिने प्राविधक मुल्यांकन तथा जिन्सी दाखिला नभएको</td><td>८६९४५</td></tr>
<tr><td>४३८</td><td>साह आयन एण्ड ईलेक्ट्रीक स्टोर्स</td><td>वडा नं ८ मा वितरण गरिएका उक्त पाईपहरु जडान भएको देखिने प्राविधक मुल्यांकन तथा जिन्सी दाखिला नभएको</td><td>१९२०००</td></tr>
<tr><td>४४९</td><td>श्रेष्ठ ट्रडर्स</td><td>पाईपहरु जडान भएको देखिने प्राविधक मुल्यांकन तथा जिन्सी दाखिला नभएको</td><td>१८७०७१</td></tr>
<tr><td>४५०</td><td>श्रेष्ठ ट्रडर्स</td><td>पाईपहरु जडान भएको देखिने प्राविधक मुल्यांकन तथा जिन्सी दाखिला नभएको</td><td>२०३४०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९६५४८६</td></tr>
</table></td><td>९६५४८६</td></tr>
<tr><td>७०.</td><td>सोझै खरिद - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमिति हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहने व्यवस्था छ । साथै</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. ५ लाखदेखि २० लाखसम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र रु. २० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था सोही नियमावलीको ३१(१) मा रहेको छ । बर्ष भरी आवश्यक पर्ने यस्ता सामानको खरिद प्याकेज बनाई सिलबन्दी दरभाउपत्रको माध्यमबाट प्रतिस्पर्धा गराई खरिद गर्न पर्नेमा सोझै खरिद गर्नु नियम सम्मत नदेखिएको रु.	२६०७५४४

भौ.नं	विवरण	आपूर्तक	भूक्तानि रु.
२७	मेसीनरी औजार	एसए कम्प्युटर ट्रेडर्स	३२१२४२
१६८	मेसीनरी औजार	एसए कम्प्युटर ट्रेडर्स	१६५२८६
१६८	मेसीनरी औजार	कमलामाई कम्युटर सप	४६१६०५
५	चकमके तिल्पुम मुल बाटो ग्राभेलिङ्ग	रुद्र निर्माण सेवा	४१८९१७
६	चकमके आम्बोटे सडक खण्ड ग्राभेलिङ्ग	बाराकोटी निर्माण सेवा	४१९०३४
७	शाखमाडी चकमके सडक खण्ड ग्राभेलिङ्ग	बल कन्ट्रक्सन	४१९९७५
११	वडा नं ४ लुभु स्वास्थ्य चौकी मर्मत	बाराकोटी निर्माण सेवा	४०१४८५
जम्मा			**२६०७५४४**

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
७१.	**अफलाईन भौचर** - नेपालसरकाले स्थानीत तहको संचितकोष व्यवस्थापन तथा खर्च लेखांकनका लागि अनिवार्य रुपमा सुत्रको प्रयोग गर्नेपर्ने तथा सूत्रभन्दा बाहिरबाट खर्च लेखांकन गर्न नहुने भनी परिपत्र जारी गरेको छ । तर पालिकाले देहायका कारोबारहरु सुत्रमा अनलाई लेखांकन नगरी म्यानुअल बिधिबाट गोश्वरा भोचर उठाई चेक जारी गरी खर्च गरेको पाईयो । जसकाकारण पालिकाको यथार्थ खर्च तथा सुत्रबाट देखिएको खर्च रकम समेत फरक हुने तथा कारोबारको यथार्थतामा समेत एकिन गर्न सकिने अवस्था रहेने । तसर्थ पालिकाले तयर गरेको म्यानुअल बैक नगदी किताबमा देखिएका सुत्रभन्दा बाहिरबाट खर्च लेखांकन गरीएका भौचरहरु देहायअनुसार रहेका छन् ।	

भौ.नं	खर्च गरिएकन शिर्षक तथा व्यहोरा	भूक्तानि रु.
पुजिगत तर्फ		
१-२०७६/०६/०७	बाटो हेरालुको श्रवण तथा भाद्र महिनाको तलब भत्ता, *कार्यलिय प्रमुखबाट भौचर समेत प्रमाणित नभएको*	३०२४००
२-२०७६/०९/०३	बाटो हेरालुको छुट तलब भत्ता तथा उपभोता समिति तालिमको रकम	८१२२५
३-२०७७/०३/११	व८ नं ८ जोगीडाँडा विद्यालय जाने बाटो सोलिङ्ग	१०००००
४-२०७७/०३/२७	सिम्लेकोचे सडक निर्माण उपभोक्ता समिति	१००००००
५-२०७७/०३/३१	चकमके तिल्पुम मुल बाटो ग्राभेलिङ्ग, रुद्र निर्माण सेवा	४१८९१७
६-२०७७/०३/३१	चकमके आम्बोटे सडक खण्ड ग्राभेलिङ्ग, बाराकोटी निर्माण सेवा	४१९०३४
७-२०७७/०३/३१	शाखमाडी चकमके सडक खण्ड ग्राभेलिङ्ग, बल कन्ट्रक्सन प्रालि	४१९८७५
सशर्त पुजिगत		
१-२०७६/०७/०६	सेती पहिरे झोलुङ्गेपुल निर्माण कार्यको प्रथम रनिङ्ग बिल, एलईडब्लुबिएल एचएफजिपीएल जेभी	४६४९०२
चालुतर्फ		०
३/३१/०७७	सिध्दबाबा आयल स्टोरलाई भूक्तानि	१९३१८६
३/३१/०७७	पशु तथा कृषिका कर्मचारी थप तलब भूक्तानि	३४३६३२
३/३१/०७७	गा पा उपाध्यक्ष पदममाया तामाङ्गको वैशाख र जेठ महिनाको पारिश्रमिक	६००००
३/३१/०७७	निलकमल इन्टरप्राइजेजलाई भुक्तानि	२९५०
प्रकोप व्यवस्थापन तर्फ		

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>३/३१/०७७</td><td>कोरोना नियन्त्रणकार्यमा नाकामा खटिने स्वयंसेवकको खाजा खर्च</td><td>१५०००</td></tr>
<tr><td>१०/६/०७६</td><td>विभिन्न खर्च भुक्तानी</td><td>१६९९८५९</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५४८३८५६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७२.</td><td>
समपुरक अनुदानको रकम उपभोक्ता समितिबाट - समपुर अनुदान सम्बन्धी कार्यविधि २०७५ को बुदा नं.९ ग मा समपुरक अनुदान वापत प्राप्त रकम खर्च गर्दा प्रचलित प्रदेश आर्थिक कार्यविधि ऐन र प्रचलित सार्वजनिक खरिद कानुनको व्यवस्थाको पूर्ण पालना गरी मितव्ययि र पारदर्शी किसिमले खर्च गर्नुपर्नेछ । साथै यस्तो अनुदानको रकम खर्च गर्दा उपभोक्ता समितिबाट गर्न नपाईने तथा तोकीयको योजनामा भन्दा फरक शिर्षकमा खर्च गर्ने नपाईने उल्लेख छ । तर पालिकालाई प्रदेश सरकारबाट स्वास्थ्य चौकी भवन निर्माण शिर्षकमा रकम विनियोजन भई प्राप्त भएकोमा उक्त रकम पालिकाले स्वास्थ्य चौकीको भवन मर्मत, सडक तथा कम्पाउण्ड वाल निर्माणमा खर्च गरेको छ । साथै कार्य विधिमा उपभोक्ता समितिबाट योजना संचालन गर्न नपाईने उल्लेख भएकोमा पालिकाले भने देहायअनुसार दुवै योजनाहरु उपभोक्ता समितिबाट संचालन गरेको पाईयो । समपुरक अनुदान प्रदान गर्ने निकायले समेत यस प्रकारका कार्यमा नियन्त्रण गर्ने र कार्यविधिको पालना नगर्ने निकायहरुलाई पुन अनुदान उपलब्ध गराउने कार्यमा समेत सुधार गर्नुपर्दछ । तसर्थ कार्यविधिमा तोकीयको प्रकृयाको पालना नगरेको तथा तोकीएको भन्दा फरक कार्यमा रकम खर्च गरेकोले उक्त खर्च रकम प्रदेश सरकारबाट समर्थन गरेको प्रमाण पेश हुनुपर्ने देखिएको रु.
<table>
<tr><th>गो.भौ.</th><th>समपुरक अनुदान प्राप्त योजनाका नाम</th><th>पालिकाले खर्च गरेको शिर्षक</th><th>खर्च भएको रकम</th></tr>
<tr><td>४५७</td><td>वडा नं १० उप स्वास्थ चौकी भवन निर्माण</td><td>स्वास्थ्य चौकी मर्मत, सडक निर्माण तथा कम्पाउण्ड वाल निर्माण</td><td>३९७९८३३</td></tr>
<tr><td>४५९</td><td>भिमस्थान उप स्वास्थ चौकी भवन निर्माण</td><td>स्वास्थ्य चौकी मर्मत, सडक निर्माण तथा कम्पाउण्ड वाल निर्माण</td><td>४००००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७९७९८३३</td></tr>
</table>
</td><td>७९७९८३३</td></tr>
<tr><td>७२.१.</td><td>
गो.भौ.४५७ मिति २०७७।०३।३०, वडा नं १० उप स्वास्थ्य चौकी मर्मत कार्यको कम्पाउण्ड वाल तथा सडक मर्मत कार्यको लागि रु.४५४६७७१।०१ को लागत अनुमान तयार गरी पालिकाले प्रदेश समपुरकबाट रु.३८४०००० र उपभोक्ताले रु.७०६७७१।०१ बेहोर्ने गरी सम्झौता भएको छ । लागत अनुमान तयार गर्दा स्टकरच तर्फ सडक विभागबाट प्रकाशित रेट एनालिसि नर्म्स फर रोड एण्ड ब्रिज प्रयोग गर्नुपर्नेमा फरक नर्म्सको प्रयोग गर्दा देहायअनुसारका आईटममा बढी दरको प्रयोग हुन गई देहाय अनुसार बढी भुक्तानी भएको छ । उक्त रकम असूल गरी प्रदेश संचितकोष दाखिला हुनुपर्ने देखिएको रु.
<table>
<tr><th>कार्य</th><th>परिमाण</th><th>प्रयोग गरेको दर</th><th>प्रयोग गर्नुपर्ने दर</th><th>बढी दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>स्टोन सोलिङ्ग</td><td>११२.६०</td><td>२६६६.६१</td><td>२१९५</td><td>४७१.६१</td><td>५३१०३.२९</td></tr>
<tr><td>स्टोन म्यासनरी १:४</td><td>७२.५६</td><td>८५०४.३०</td><td>८१६३.०६</td><td>३४१.२४</td><td>२४७६०.३७</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>७७८६३.६६</td></tr>
</table>
</td><td>७७८६४</td></tr>
<tr><td>७२.२.</td><td>पालिकाबाट संचलीत अन्य सडक योजनाहरुमा सडक ढलान कार्य गर्दा प्रति घ.मि.रु.१३५९१ को दरले हुने १:२:४ को पीसीसी प्रयोग गरेकोमा यस स्वास्थ्य चौकी मुल गेट नजिकको ९८ मिटर सडकमा आरसीसी ढलान गर्ने कार्यको लागि प्रति घ.मि.रु.१६०९६।९८ पर्ने १:१.५:३ को पीसीसी प्रयोग गरेको पाईयो । जसका कारण पालिकालाई ४९ घ.मि. उक्त कार्यको लागि प्रति घ.मि.रु.२५०५।९८ का दरले रु.१२२७९४ बढी व्याय भार परेको देखिन्छ । तसर्थ एकै प्रकृतिको कार्यमा फरक फरक मापदण्ड तथा कार्य गराउनुको प्राविधिक कारण स्पष्ट नभएकोले प्राविधिक पुष्टाई पेश हुनुपर्ने रु.</td><td>१२२७९४</td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
७२.३.	स्वास्थ्य चौकीको कम्पाउण्ड वाल निर्माण गर्दा कुल ७६।४८ ब्रिक म्यानरी लगाएको देखिन्छ । पालिका प्राविधिकले तयार गरेको दर विश्लेषण नर्म्स अनुसार उक्त कार्यको लागि प्रति घ.मि.५६० का दरले ईटा लाग्ने अनुमान गरिएको छ । जसबाट उक्त ७६।४८ घ.मि कार्य गर्न ४२९०० ईटा लाग्ने देखिन्छ । तर उपभोक्ता समितिले संजाल सप्लायर्स बाट २५००० र जयमाँ दुर्गा फिक्स ईटा उद्योगबाट ५००० गरी कुल ३०००० गोटा मात्र चिम्नीको ईटा खरिद गरेको बिल पेश गरेको छ । जसअनुसार उपभोक्ता समितिले उक्त वाल निर्माणको लागि आवश्यक ईटा मध्ये १२९०० गोटा ईटा घटी खरिद गरेको देखिन्छ । जसबाट १२९०० घटामा मू.अ.कर समेत प्रति ईटा रु.१८।०८ का दरले २३३२३२ को बिल पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु.	२३३२३२
७२.४.	भिमस्तान उपस्वास्थ्य चौकीको कम्पाउण्ड वाल निर्माण कार्यको लागि एक्साभेसनको दर प्रति घ.मि.रु.७२१ उल्लेख गरी उपभोक्ता समितिसँग सम्झौता गरी सोही दरमा उपभोक्तालाई भुक्तानी भएको छ । भवन विभागबाट प्रकाशित सिभिल वर्क नर्म्स अनुसार प्रति घ.मि.रु.५०४।७० मात्र हुनुपर्नेमा फरक नर्म्सको प्रयोग गरि प्रति घ.मि.रु.२१६।३० बढी दर कायम गरि १५८।९१ घ.मि.मा रु.३४३७३ बढी भक्तानी भएको छ । उक्त रकम असूल गरि प्रदेश संचित कोष दाखिला हुनुपर्ने देखिएको रु.	३४३७३
७३.	**उपभोक्ता समिति र स्थान एउटै सम्झौता र नापि फरक फरक** –उस्तै प्रकृति र एउटै कार्यक्षेत्रमा काम गर्दा आवश्यक प्रभावकारी समन्वय गरी काममा हुन सक्ने दोहोरोपनाको स्थितिमा नियन्त्रण गरिनुपर्दछ । पालिकाले यस वर्ष प्रदेश समपुरक अन्तरगत भिमस्थान उपस्वास्थ्य चौकीको १४७ मिटरमा कम्पाउण्ड वाल कार्य उपभोक्ता समितिमार्फत गराई रु. ३८४०००० लाख खर्च गरेको छ । त्यसैगरि संघीय सरकार सर्सत अनुदानबाट पनि सोही स्थानमा उपभोक्ता समितिबाट ६५ मिटर वाल लगाउने कार्य गराई रु.९६०००० खर्च लेखेको छ । तर एउटै उपभोक्ता समितिमार्फत कार्य गराएकोमा दुवै कार्यको छुट्टाछुट्टै लागत अनुमात सम्झौता तथा कार्यसम्पन्न प्रतिवेदन बनाईएको छ । कुन रकमले कनु कुनस्थानमा कार्य भएकोहो सो समेत खुलाएको देखिएन । यसरी एकै स्थानमा एउटै उपभोक्ता समितिबाट कार्य गराउदाँ एकै लागत अनुमान तथा कार्यसम्पन्नबाट कार्य गराउने तथा कुन शिर्षकबाट केकति रकम बेहोर्नेहो सो खुलाउनु पर्नेमा सो नगरेकोले कुन साईड के कति कार्य कुन शिर्षकबाट विनियोजित रकमबाट भएको हो एकीन गर्ने स्थिति नदेखिएको हुँदा यस सम्बन्धमा पालिकाले दोहोरोपना रहे/नरहेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।	
७४.	**ठेक्काबाट गर्नुपर्ने कार्य उभोक्ता समितिबाट** – प्रदेश पुर्वाधार साझेदारी विकास कार्यक्रम कार्यान्वयन निर्देशिका २०७६ अनुसार रु.५० लाख भन्दा बढि लागत अनुमान भएका योजनाहरु खुला प्रतिस्पर्धा बोलपत्र आहवान अर्थात ठेक्कापट्टाका माध्यमबाट गर्नुपर्ने उल्लेख छ । जसअनुसार रु.५० लाख भन्दा बढी लागत अनुमान भएका योजनाहरु उपभोक्ता समितिबाट संचालन गर्ने मिल्ने देखिदैन । प्रदेश पुर्वाधार विकास कार्यक्रम अनुतरगत जंगे दिख कमलामाई जगरपिलका वडा नं.१२, ११ हुदैं पालिका वडा नं.७ सम्मको मोटरबाटो स्तरउन्नतीका रु.५० लाख बजेट व्यवस्था भएको पालिकाका प्राविधकले उक्त कार्यको लागि रु.५३४४६४१।९१ को लागत अनुमान तयार गरी पालिकाले ४७३०००० र उपभोक्ता समितिले रु.८०३८८४१।९१ उपभोक्ता समितिले बेहोर्ने गरी सम्झौता गरी कार्य गराएको छ । उपभोक्ता समितिले रु.५३४६८७०।०५ को कार्य गरी ४७२८२२१ भुक्तानी लिएको देखिन्छ । यसरी ठेक्काबाट गर्ने भनि तोकी आएकोमा समेत उपभोक्ता समितिबाट गराएको नियमसम्मत नदेखिएको रु.	४७२८२२१
७५.	**शिर्षक फरक पारी खर्च –** नेपाल सरकार एकीकृत आर्थिक संकेत वर्गिकरण व्याख्या २०७४ अनुसार पालिको सभाले विनियोजन गरेको शिर्षक परक नपर्ने गरी खर्च लेख्नु पर्दछ । तर पालिकाले देहायअनुसारका शिर्षकबाट फरक शिर्षकमा खर्चलेखेको पाईयो । तसर्थ शिर्षक फरक पारी खर्च लेखेको रकम नियमित हुनुपर्ने देखिएको रु.	१०६८४२३

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम

भौ.नं	खर्च लेखिएको शिर्षक	खर्च लेखुपर्ने शिर्षक	खर्च रकम रु.
४३०	फर्निचर तथा फिक्चर्स	पुस्तक लागायत स्टेशनरी, कार्यालय सामाग्री तथा मसलन्द	८५७१८७
४३२	पुजिगत शिर्षक	कार्यालय संचालन तथा विविध	१६४७८६
४३३	पुजिगत शिर्षक	कार्यालय संचालन तथा विविध	४६४५०
जम्मा			**१०६८४२३**

७६. **सशर्तमा तोकीए भन्दा फरक कार्यमा खर्च** – संघीय सरकारबाट स्वास्थ्य चौकी भवन नभएको वडाका लागि भवन निर्माण शिर्षकमा रकम विनियोजन भई प्राप्त भएकोमा उक्त रकम पालिकाले स्वास्थ्य चौकीको कम्पाउण्ड वाल निर्माणमा खर्च गरेको छ । यसरी तोकीय भन्दा फरक कार्यमा खर्च गर्दा सम्न्धीत निकायको सहमती लिनुपर्नेमा सो समेत गरेको पाईएन । तसर्थ उक्त रकम खर्च संघ सरकारबाट समर्थन भएको प्रमाण पेश हुनुपर्ने रु. — बेरुजू रकम: २५२९३३७

गो.भौ.	पालिकाले खर्च गरेको शिर्षक	खर्च भएको रकम
२८	वडा नं १० स्वास्थ्य चौकी घेरावार तथा कम्पाउण्ड वाल निर्माण	११५२०००
९	वडा नं २ स्वास्थ्य चौकी घेरावार तथा कम्पाउण्ड वाल निर्माण	९६००००
११	वडा नं ४ भवन मर्मत	४१७३२७
जम्मा		**२५२९३२७**

७७. **घटी अनुपातिक कट्टीः** गो.भौ.२८ मिति २०७७।०३।२७ मा संघीय ससर्त तर्फ वडा नं. १० मा कम्पाउण्ड वाल निर्माण कार्यको लागि रु.१३५७४३४ मध्ये पालिकाले रु.११५२००० बेहोर्ने र बाँकी रकम उपभोक्ता समितिले बेहोर्ने गरी सम्झौता गरेको छ । तर उपभोक्ता समितिले रु.१२५७४४६ बराबरको मात्र कार्य सम्पन्न गरेको देखिएकोले पालिकाले रु.१०६७१४४ मात्र खर्च लेख्न मिल्ने देखिन्छ । तर पालिकाले रु.११५२००० खर्च लेखेकोले उपभोक्ता समितिलाई रु.८४८५६ बढी भुक्तानी भएको देखिन्छ । तसर्थ उक्त बढि भुक्तानी भएको रकम असूल गरी संघीय संचित कोष दाखिला हुनुपर्ने रु. — बेरुजू रकम: ८४८५६

७८. **खर्चको बिल भरपाई पेश नभएको** – आर्थिक कार्यविधि नियमावलीको नियम ३६ (३) अनुसार सरकारी रकम खर्च गर्दा सोको बिल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । तर गो.भौ.३३ मिति २०७७।०३।३१ बाट देहायको शिर्षकबाट रकम खर्च जनाएकोमा श्रेस्तामा खर्चको विल भरपाई संलग्न रहेको नदेखिएको भनी औल्या पश्चात आर्थिक वर्ष २०७५।७६ को स्वास्थ्य तर्फको खर्च नभई बाँकी रहेको फिर्ता पाठाउन बाँकी रकम २०७५।७६ को लेखापरीक्षणको क्रममा मिति २०७६ फागुनमा शिक्षा तर्फबाट खर्च लेखि फिर्ता पठाएको बेरुजू दाखिला भौचर पेश गरेकोमा उक्त बैंक भौचर बराबरको रकमको गोश्वरा भौचर सुत्रमा नउठाएकोले हिसाब मिलान खर्च गरेको प्रमाण पेश । जसअनुसार स्वास्थ्य तर्फ खर्च लेखिनु पर्नेमा शिक्षातर्फ खर्च लेखिएकोले शिर्षक फरक पारी खर्च लेखेको देखिएको खर्च रकम नियमित नदेखिएको रु. — बेरुजू रकम: १४७९९६४

सि.नं.	खर्च लेखांकन गरिएको शिर्षक	रकम
१	ठाडो खोला पक्की पुलको डीपीआर निर्माण	१३०००००
२	न्युनतम सेवा मापदण्ड कार्यान्वयनको लागि आवश्यक औजार उपकरण तथा स्वास्थ्य सामाग्रि खरिद	१५००००
३	वित्तीय साक्षरता कार्यक्रमका लागि मेसिन उपकरण	२९९६४
जम्मा		**१४७९९६४**

७९. **कार्यदिश भन्दा पहिलेका विल भरपाई** – गो.भौ.४२९ मिति २०७७।०३।२७ बाट महिला दलित सम्बन्धी कार्यक्रम र बालमैत्री वडा घोषणा कार्यक्रम संचालन वापत रु.९६००० खर्च गरेको पाईयो । यस सम्बन्धमा देखिएका व्यहोराहरु यसप्रकार रहेको छन् ।

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	१. पालिकाको प्रशासकीय अधिकृत छैटो श्री जितेन्द्र गिरीले वडा सचिव श्री लेक बहादुर रानालाई मिति २०७७।०३।२५ भित्रमा कार्यक्रम सम्पन्न गर्ने गरी २०७६।१२।२८ मा कार्यदिश दिएको पत्र श्रेस्तामा संलग्न रहेको छ । २. २०७६।१२।१० मा वडा समितिको निर्णयले वडा सचिवमार्फत उक्त कार्यक्रम संचालन गर्ने निर्णय गरेको गरेको छ भने वडा अध्यक्ष श्री पुण्यहरी भुजेलले २०७६।१२।१७ मा कार्यदिशका लागि सिफारिस गरेको देखिन्छ। विश्वव्यापी कोरोना महामारीका कारण नेपाल सरकारले समेत देशव्यापी लकडाउन घोषणा गरी अतिआवश्यक बाहेकका सेवा बाहेकका संचालन गर्ने रोक लगाएको अवस्थामा यसरी कार्य गर्ने गरी सिफारिस गर्दा कोभीड संक्रमण फैलिन सक्ने जोखिमलाईसमेत ध्यान दिएको देखिएन। ३. श्रेस्तामा संलग्न विलभरपाई परीक्षण गर्दा १०१ जनाको खाजा तथा अन्य खर्चका २०७६।०५।१२ मा जारी गरिएका रु.३८९२० को बिल, ६७ जना को खाजा तथा अन्य खर्चको २०७६।०५।२७ मा जारी भएका रु.२२५५० र १०२ जनाको खाजा तथा अन्य खर्चको २०७६।१०।२६ र ३० मा जारी भएका रु.३५४५० का विल संलग्न रहेको देखिन्छ । वडा समिति तथा प्रशासकीय अधिकृतले कार्य सुरु गर्न आदेश दिएको मितिभन्दा पहिलेको बिलभरपाई संलग्न रहेकोले उक्त कार्यक्रम तोकीए बमोजिम भएको हो र पेश भएका विल भरपाईहरुसमेत यथार्थ हुन् भन्न सकिएन् ।	
	सघीय सरकारबाट हस्तान्तरित कार्यक्रम	
	शिक्षा तर्फ	
८०.	**शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ८९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।	

सि.नं	विद्यालयको नाम	शिक्षक दरवन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१.	८९ वटा विद्यालय	३४४	१६२	१८२	१०२५३

यस सम्बन्धमा निम्नानुसार देखिएको छ ।

- स्थानीय तह मातहतमा रहेका ८९ विद्यालयमध्ये १० विद्यालयमा विद्यार्थी भएपनि शिक्षक दरबन्दी रहेको देखिएन । दरवन्दी नभएका विद्यालयहरुमा राहत दरवन्दी तथा पालिकाले दरबन्दी स्वीकृत गरी आन्तरिक श्रोतबाट तलवभत्ता खुवाउने गरि पदपुर्ति गरी पठन पाठनको व्यवस्था मिलाएको छ ।
- ८९ विद्यालयमा ३४४ शिक्षक दरबन्दी रहेकोमा १६२ पदमा स्थायी पदपुर्ती भएको र बाँकी पदमा अस्थायी तथा राहत शिक्षक रहेको देखिन्छ । दरबन्दी अनुसारको शिक्षक पदपुर्ती हुनुपर्दछ ।

विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा समायोजन गर्नुपर्दछ ।

८१.	**अनुगमन प्रतिवेदन पेशः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रमबाट माध्यमिक विद्यालयहरुमा पुस्तकालय स्थापना तथा व्यवस्थापन, शिक्षण सिकाइमा आ.इ.सि.टी प्रयोग र विज्ञान प्रयोगशाला स्थापनाका लागि प्रति विद्यालय रु.६५००००/- र विज्ञान, गणित र अंग्रेजी सामग्री (**KITS**) अनुदान रू. ५०,०००/—का दरले एकमुष्ट अनुदान रकम उपलब्ध गराउने र सो रकमबाट तोकिएको स्पेशिफिकेशन अनुसारका किताव तथा	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	ल्याव सामग्री र विज्ञान सामग्री कार्यविधि अनुसार खरिद गरे नगरेको अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका विद्यालयहरुलाई उल्लिखित शीर्षकमा रु. ७१००,०००/-अनुदान रकम उपलब्ध गराएकोमा तोकिएबमोजिमको काम भए नभएको सम्वन्धमा अनुगमन हुनुपर्दछ ।	

भोचर नं.	विद्यालयको नाम	कार्यक्रमको नाम	रकम
६५।०७७।२।५	कमला मा.वि.छहरे	ICT Lab	६५००००
	सरस्वती मा.वि. हिलेपानी	ICT Lab	६५००००
	मा.वि.सान्दाने, जरायोटार	ICT Lab	६५००००
	मा.वि. हलिडाँडा	ICT Lab	६५००००
	हिराथुम्की मा.वि., तोश्रामखोला	ICT Lab	६५००००
	मा.वि. मझुवा दोभान	विज्ञान प्रयोगशाला	६५००००
	मा.वि. महभीर	पुस्तकालय	६५००००
	मा.वि. शिशावोट	पुस्तकालय	६५००००
	जनसेवा मा.वि. रिट्टे	पुस्तकालय	६५००००
	मा.वि. गैरीखानी	पुस्तकालय	६५००००
		जम्मा	**६५०००००**
	मा.वि. लाम्पाटन, वतासे	KITS अनुदान	२०००००
	भवानी मा.वि. कत्लेशिखर	KITS अनुदान	५००००
	मा.वि मझुवा दोभान	KITS अनुदान	५००००
	चम्पादेवी मा.वि.	KITS अनुदान	५००००
	मा.वि. आम्वोटे	KITS अनुदान	५००००
	जनप्रेमी मा.वि.	KITS अनुदान	५००००
	नि.मा.वि. लङ्कुरडाडा	KITS अनुदान	५००००
	नि.मा.वि. कालीमाटी	KITS अनुदान	५००००
	जनज्योति नि.मा.वि.	KITS अनुदान	५००००
		जम्मा	**६०००००**
		कुल जम्मा	**७१०००००**

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
८२.	**वढी निकासाः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रमबाट विज्ञान, गणित र अंग्रेजी सामग्री)**KITS)** अनुदान रू. ५०,०००—/का दरले एकमुष्ट अनुदान रकम उपलब्ध गराउने उल्लेख छ। पालिकाले मा/वि/ लाम्पन वतासेलाई रु/२००००० अनुदान दिएको देखिएकोले निर्देशिका विपरित हुने गरी रु/१५०००० वढी निकासा दिएकोले असुल गरी संघीय सञ्चीत कोष दाखिला गर्नु पर्ने रु/	१५००००
८३.	**छात्रवृत्ति वितरणः** पालिकाले छात्रवृत्ति निकासा दिएको रकम विद्यालयले सोही प्रयोजनमा खर्च गरेको अनुगमन गरी यकिन गर्नु पर्दछ।यो वर्ष पालिकाले गोश्वारा भौचर नं. ५०।२०७७।१।८ बाट ४८ विद्यालयलाई देहाय अनुसार दलित, सिमान्तकृत र छात्रा छात्रवृत्ति रू. १८३१६००।— निकासा दिएको छ। छात्रवृत्ति सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् —	

छात्रवृत्तिको प्रकार	विद्यालय संख्या	विद्यार्थी संख्या	छात्रवृत्ति दर	जम्मा रकम
छात्रा		३४३६	४००	४५७२००
दलित		११४३	४००	१३७४४००
जम्मा		४५७९	४००	१८३१६००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
८४.	गाउँपालिकाले विद्यालयलाई निकासा दिएको छात्रवृत्ति रकम वितरण गरे नगरेको सम्वन्धमा अनुगमन गरेको प्रतिवेदन पेश गरेको छैन।	
८५.	पालिकाले छात्रवृत्ति निकासा दिएको रकम विद्यालयले सोही प्रयोजनमा खर्च गरेको यकिन गर्नु पर्दछ । यो वर्ष छात्रवृत्ति निकासा दिएको रकम विद्यालयले विद्यार्थिलाई वितरण गरेको भरपाई पेश गरेका छैनन् ।	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	पालिकाले प्रतिक्रीयाबाट उक्त रक वितरणको भरपाई पेश गरेको छ । तसर्थ उक्त वितरित रकम सम्बन्धमा पालिकाले अनुगमन गरी सोको सदुपयोग भएको सम्बन्धमा यकिन गर्नुपर्दछ ।	
८६.	**शौचालय निर्माणः** कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.११.१.२.१ शौचालयको आवस्यकता भएका विद्यालयहरुलाई पानी तथा स्वास्थ्य र सरसफाई सहितको शौचालय निर्माण कार्यको लागि रु.७ लाखको दरले अनुदान उपलब्ध गराउने व्यवस्था छ ।कार्यक्रम कार्यान्वयन पुस्तिकामा भौतिक सुधार विस्तार कार्यक्रम कार्यान्वयन गर्दा सम्पन्न कार्यको नापी किताब र निमाण सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिबेदन तयार गर्नु पर्ने उल्लेख छ । यो वर्ष गाउँपालिकाले गोश्वाँरा भौचर नं. ६५।०७७।२।५ बाट देहाय अनुसार ३ वटा विद्यालयलाई शौचालय निर्माण गर्न अनुदान निकाशा दिएकोमा उक्त निर्माण कार्य सम्पन्न गरी नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको नदेखिएकोले निर्माण कार्य सम्पन्न गरी नापी किताव र कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु	२१०००००

सि/नं/	विद्यालयको नाम	रकम
१	जोरवाराही प्रा.वि. वाघमारा	७०००००
२	घ्याम्पादेवी नि.मा.वि., घ्याम्पा	७०००००
३	प्रा.वि. वाघमारा	७०००००
जम्मा		**२१०००००**

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
८७.	**पाठ्यपुस्तक अनुदानः** शिक्षा विज्ञान तथा प्रविधि विकास मन्त्रालयवाट मिति २०७६।४।२७ मा स्वीकृत भएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको मार्गदर्शनको क्रियाकलाप नं. ३.१ मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्वन्धित विद्यालयबाट कक्षागत विद्यार्थिको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई आवस्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सँख्या यकिन गरी पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशतलाई अनुदान दिने, २०७७ वैशाखमा शुरुहुने शैक्षिक शत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन हुने रकममात्र थप अनुदान दिने उल्लेख छ।यो वर्ष पालिकाले गो/भौ/नं/ ८९ विद्यालयलाई ७५ प्रतिशतले हुने रकम हिसाव गरी रु.४१२८३७१।५० पाठ्यपुस्तक अनुदान उपलव्ध गराएकोमा शैक्षिक शत्रको सुरुवातमै पुरा सेटमा पुस्तक उपलब्ध भए नभएको अनुगमन गरी उपलब्धताको सुनिश्चित गरेको देखिएन।कार्यविधिले निर्दिष्ट गरे अनुरुप अनुगमन गरी समयमै सवै विद्यार्थीले पाठ्यपुस्तक प्राप्त गरेको र वचत रहेको रकम फिर्ता गरेको सुनिश्चित गर्नुपर्दछ।	
८८.	**सेनिटरी प्याड खरिदः** सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण गर्न पालिकाले उत्पादक कम्पनीको होलसेल दरमा ३७८७८ प्याकेट सेनिटरीप्याड सोझै खरिद गरी गो.भौ.नं. १४७ र १४८।०७७।३।३१ बाट रु. २४९९९७०।— भुक्तानी गरेको छ । ।प्याड खरिद तथा वितरण सम्वन्धमा देखिएका व्यहोरा निम्नअनुसार छः	

सि/नं/	आपूर्ति कर्ता	दर	संख्या	रकम
१	जनक कस्मेटीक्स एण्ड गिफ्ट हाउस	६६/००३	७५७५	४९९९७५
२	रवी जनरल स्टोर्स	६५/९९५	३०३०३	१९९९९९५
	जम्मा		३७८७८	२४९९९७०

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
८८.१.	प्याड खरिदको लागि आपूर्तिकर्तासँग भएको सम्झौतामा आपूर्ति हुने स्यानीटरी प्याडको म्याद समाप्त हुने अवधि स्टोर दाखिला हुने समयमा १८ महिना बाँकी रहेको हुनु पर्ने, उत्पादनको म्याद सोभन्दा कम हुने भएमा ७५ प्रतिशत म्याद बाँकी हुनु पर्ने उल्लेख भए तापनि सामान आपूर्तिको समयमा पालिकाले मालसामानको निरीक्षणको नगरेकोले सो बमोजिमको म्याद तथा निर्धारित गुणस्तरको भए नभएको खुल्न आएन।खरिद नियमावलीमा भएको व्यवस्था अनुसार आपूर्ति भएका सामानको भण्डार दाखिला गर्नु अगावै निरीक्षण गरी तोकिएको गुणस्तर परिमाण र अवधि बमोजिम भएको सुनिश्चित गर्नु पर्दछ।	

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
८८.२.	पालिकाले छात्राहरुको स्वास्थ्य तथा सरसफाईसँग र विद्यालय अनुपस्थिति कम गर्ने विषयसँग जोडिएको खरीद कार्य आर्थिक वर्षको सुरुमा गरी समयमै वितरणको व्यवस्था मिलाउनुपर्नेमा आर्थिक वर्षको अन्त्यमा खरीद गरी विद्यालयलाई वितरण गरेको छ। सेनिटरी प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग अनुसार निकासा दिने, तोकिएअनुसार वितरण भए नभएको र वितरणको अभिलेख व्यवस्थित राखेनराखेको अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दात यकिन गरी आगामी वर्षकोलागि आवश्यक खुद परिमाण यकिन गरी आवश्यक परिमाणमामात्र खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।	
८८.३.	**मू.अ.कर कट्टी नगरेको**ः मू.अ.कर नियमावली २०५३(२१औं संशोधन) को नियम ६.ग अनुसार सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपुर्ति हुने वस्तु वा सेवा वापतको रकम सम्वन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मू.अ.कर रकमको ५०% हुन आउने रकम निजको नामबाट सम्वन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रकम भुक्तानी दिने व्यवस्था छ ।उपर्युक्त बमोजिको रकममा मु/अ/कर रु/ २८७६०० भुक्तानी दिएकोमा ५० प्रतिशतले हुने रकम कट्टी नगरी पुरै भुक्तानी दिएकोले सम्वन्धित आन्तरिक राजस्व कार्यालयबाट समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु	१४३८००
८९.	**समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता —** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. २५२१८९६८/ तलब भत्ता अनुदान दिएको पाईयो । तसर्थ पालिकाको अन्तरिक आम्दानी समेत न्युन रहेको अवस्थामा यसरी विद्यालयले व्यवस्था गरेको निजी शिक्षकहरुको तलब वापत रकम अनुदान दिने कार्यमा नियन्त्रण हुर्नुपर्दछ ।	
	स्वास्थ्यतर्फ	
९०.	**औषधी खरिद —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. १७३६७९४/ का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः	
९०.१.	खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,	
९०.२.	आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,	
९०.३.	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
९०.४.	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	
	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
९१.	**तलबी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) मा मन्त्रालय, सचिवालय, आयोग र विभाग तथा उपत्यकाभित्र रहेका कार्यालयमा कार्यरत निजामती कर्मचारीको हकमा निजामती किताबखाना र जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराई तलब खर्च लेख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले अन्तर्गत कार्यरत स्वास्थ्य तर्फका कर्मचारीहरुको तलवी प्रतिवेदन पास नगरी तलव खर्च लेखेको छ । तवली प्रतिवेदन पारित गरेर मात्र तलब भुक्तानी गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।	
९२.	**प्रमाण वेगर भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) अनुसार कुनै रकमको भुक्तानि दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।भुक्तानि गर्नु पर्ने रकम एकिन नगरी भुक्तानि गर्नु हुँदैन।सोही नियमावलीमा गत वर्षको दायित्व बाँकी रहेमा भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई प्रमाणित गरी राख्नुपर्ने व्यवस्था छ।पालिकाले गोश्वारा भौचर नं. ३६।०७६।१२।२१ बाट करारको कर्मचारीलाई तलव भुक्तानी दिदा गंगा कुमारी पुलामीलाई गत वर्षको जेठ र आषाढको छुट पारिश्रमिक खर्च रु/ १८००० लेखेकोमा विगतमा भुक्तानी नभएको प्रमाण पेश हुन सकेन।उक्त रकम असुल गर्नु पर्दछ रु/////	१८०००
९३.	**न्यानो झोला खरिदः** परिवार स्वास्थ्य महाशाखा वार्षिक कार्यक्रम सञ्चालन निर्देशिका २०७४।७५ मा आमा सुरक्षा कार्यक्रम अन्तगत स्वास्थ्य संस्थामा प्रसुति गर्ने महिलालाई एउटा न्यानो झोला प्रदान गर्ने व्यवस्था छ । विगत वर्षमा स्वास्थ्य चौकीहरुमा उपलव्ध गराएको न्यानोझोलाको मौज्दात परिमाण यकिन नगरी यो वर्ष पुन २०० वटा न्यानो झोला खरिद तथा स्वाश्थ्य चौकीमा वितरण गरी गरी भौ नं १२५।०७७।३।२२ वाट रु. १७९८९६। खर्च लेखेको छ । पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट यातायात खर्च वितरण भएको विवरण अनुसार जम्मा १२६ जना महिलाहरुले प्रसुति सेवा प्राप्त गरेको देखियो । प्रसुति संख्याको आधारमा यो वर्ष खरिद भएकोमध्ये ७४ थान न्यानो झोलाहरु मौज्दातमै बाकी रहने र गत वर्षाको मौज्दात हुदा अझ वढी मौज्दात रहने देखिएकोले आवश्यकता भन्दा बढी हुने गरी खरिद गरेको देखियो । आवस्यकता भन्दा वढी खरिद गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।	
९४.	**मातृ तथा नवशिशु स्वाश्थ्य कार्यक्रमः** मातृ तथा नवशिशु स्वाश्थ्य कार्यक्रमबाट यो वर्ष प्रसुती यातायात, प्रोत्साहन तथा संस्थागत रुपमा भुक्तानी हुने रकमसमेत देहायअनुसार रू. ६२९०००।— खर्च लेखेकोमा निम्न व्यहोरा देखियोः	

गो.भौ.नं	प्रा.स्वा.केन्द्र	खर्च लेखेको संख्या	४ पटक सुविधा लिने संख्या	स्वाश्थ्य सस्थाले पाउने रकम	पालिकाबाट खर्चलेख्नु पर्ने रकम	सशर्तबाट लेखेको खर्च
२०।०७६।११।२	वाहुन तिल्पुङ	१५	११	१५०००	**५३८००**	७८०००
	वेलघारी	४२	३१	४२०००	१५०८००	१९६४००
	लाम्पनटार	४२	२२	४२०००	१४३६००	२१२०००
	आम्वोटे	१५	९	१५०००	५२२००	७६६००
	बालाजोर	१२	९	१२०००	४३२००	६६०००
जम्मा		**१२६**	**८२**	**१२६०००**	**४४३६००**	**६२९०००**

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
९५.	पालिकाले गाउँपालिकाको तर्फबाट थप गरेको रू. १२६००० गाउँपालिकाको आन्तरिक स्रोतबाट खर्च लेख्नुपर्नेमा संघीय सशर्तबाट खर्च लेखेकोले सो रकम संघीय सञ्चितकोष दाखिला गर्नु पर्दछ रू......	१२६०००
९६.	निर्देशिका अनुसार आमा सुरक्षा कार्यक्रमबाट प्रोटोकल अनुसारका ८२ र प्रोटोकल नपुगेका ४४ समेत जम्मा १२६ जनाको खर्च रु. ४४३६००।—पालिकाले थप गरेको रु. १००० ले १२६ जनाको हुने रु.१२६००० समेत गणना गर्दा जम्मा रु. ५६९६०० खर्च लेख्न मिल्नेमा पालिकाले रु.६२९००० खर्च लेखकोले रु.	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	५९४०० निर्देशिका विपरित वढी खर्च लेखेको भनी लेखापरीक्षणबाट औल्यापश्चात उक्त रकममा भुक्तानी लिने लाभग्राहीहरु देखिने एएनसी कार्ड पेश गरेकोछ ।तसर्थ पालिकाले खर्च लेख्दा प्राप्त प्रमाण कागजात संलग्न राख्नेतर्फ ध्यान दिनुपर्दछ ।	
९७.	खर्च लेखेको विल भरपाईसाथ सम्लग्न कागजात परीक्षण गर्दा ८२ सुत्केरीको मात्र प्रोटोकल अनुसारको समय पुगेको जनाई एएनसी कार्ड समावेश गरी खर्च लेखेको देखियो । बाँकी ४४ जना सुत्केरीको एएनसी कार्ड तथा निजहरुको परिचय खुल्ने कागजातवेगर प्रसुति यातायात खर्च- सस्थागत अनुदान र पालिकाले थप गरेको रकमसमेत प्रति सुत्केरी रु. ४००० को दरले रू. १७६००० भुक्तानी दिएको देखिएकोले सो सम्वन्धमा पालिकाले ती सस्थामा सुत्केरी भएका वास्तविक लाभग्राहीलाई भुक्तानी भएको हो होईन यकिन गर्नु पर्दछ भन औल्याए पश्चात पालिका ४४ जनाकै एनएजसी कार्ड पेश गरेको छ । तसर्थ पालिकाले यस प्रकारका रकम भुक्तानी तथा खर्च लेख्दा खर्च लेख्न मिल्ने प्रयाप्त प्रमाण कागजात संलग्न राखि खर्च लेख्ने तर्फ ध्यान दिनुपर्दछ ।	
९८.	**वढी ग्रेड भुक्तानीः** पालिकाले अदालतको फैसला तथा अर्थमन्त्रालयको परिपत्र अनुसार २०५७।४।१ भन्दा पहिले सेवा प्रवेश गरेका प्राविधिक कर्मचारीलाई २०७३ श्रावण देखि ०७७ फागुन सम्मको प्राविधिक ग्रेड वापतको छुट रकम भुक्तानी दिदा सो अवधिको ग्रेड दरले हिसाव गरी पुरानो दरले खाएको रकम कटाएर दिनु पर्नेमा २०७६ श्रावण देखि खान पाउने दरले हिसाव गरी भुक्तानी दिएको छ।गो/भौ/नं/ ५४।०७७।१।२१ बाट छुट ग्रेड भुक्तानी दिदा चालु आ/व/ को दरले हिसाव गरी २०७६ माघ महिनासम्म ४५ महिना कायम गरी एकमुष्ठ पुरानो ग्रेडसमेत कट्टा नगरी भुक्तानी दिएको देखिएकोले देहायअनुसार कर्मचारीहरुलाई वढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने देखियो रु/////	१४०६४६

नाम थर	भुक्तानी दिनुपर्न रकम	पुरानी ग्रेड	जम्मा भुक्तानी दिनुपर्ने रकम	भुक्तानी रकम	वढी रकम
विनोद चौधरी	९३४८०	२४९६०	६८५२०	१०८०००	३९४८०
मोहनवहादुर दाहाल	९३४८०	२४९६०	६८५२०	१०८०००	३९४८०
मदन विक्रम दाहाल	९३४८०	२४९६०	६८५२०	१०८०००	३९४८०
सावित्रा कुमारी दाहाल	७७९९४	१५६००	६२३९४	८४६००	२२२०६
				जम्मा	१४०६४६

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
९९.	**शीर्षक फरक पारी खर्चः** पालिकाले अर्थमन्त्रालयद्वारा जारी खर्चको सँकेत र वर्गीकरणमा तोकिए अनुसारका खर्च संकेत नं .बाट खर्च लेख्नु पर्दछ। लेखापरीक्षणको क्रममा देहाय बमोजिमका भौचर र मितिवाट उक्त वर्गीकरणमा उल्लेख भएकोभन्दा फरक शीर्षकबाट खर्च लेखी भुक्तानी दिएको दिएको देखिएकोले नियमित नदेखिएको रु	२६२३६५

भौ/नं/ मिति	खर्चको विवरण	खर्च लेख्नुपर्ने शीर्षाक	खर्च लेखेको शीर्षक	रकम
११३।०७७।२।२५	कम्प्युटर प्रिन्टर लगायतका मेशीनरी औजार	मेशीनरी औजार ३११२२	तलव २११११	१५००००
३०।०७६।११।८	कार्यालय सामान	कार्यालय सामग्री २२३११	तलव २११११	२०७७५
२९।०७६।११।८	कार्यालय सामान	कार्यालय सामग्री २२३११	तलव २११११	५२५९०
३४।०७६।११।२२	सञ्चार खर्च	सञ्चार महशुल २२११२	तलव २११११	२४०००
५३।०७७।१।२१	सञ्चार खर्च	सञ्चार महशुल २२११२	महंगी भत्ता २११३२	१५०००
				२६२३६५

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	कृषि सशर्त	
१००.	**प्रधानमन्त्री रोजगार कार्यक्रम —** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाले यस	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	वर्ष ३ वटा सडकमा कज वे तथा स्ल्याब निर्माण कार्य गरी यस वर्ष ४० जनालाई रोजगारी उपलव्ध गराई रु.२९८१००० खर्च गरेको छ । लक्षित वर्गलाई ९ दिनदेखि ६० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
	सामाजिक सुरक्षातर्फ	
	यस गाउँपालिकाले यो वर्ष सामाजिक सुरक्षा वापत रु ९८१७००००/ खर्च गरेको छ।लेखापरीक्षण योजना अनुसार नमुना छनौट गरी परीक्षण गर्दा देखिएका प्रमुख व्यहोरा देहायबमोजिम छन्**ढ**	
१०१.	**अभिलेख व्यवस्थापन**ः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकामा सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्थित बनाउन घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता व्यवस्थापन प्रणाली **MIS System** लागु गरीएको छ। तर प्रणालीमा विवरणहरु शुद्ध र पुर्ण रुपमा प्रविष्टि नगरेको कारणले प्रणालीको माध्यमबाट निकालिएको भरपाईको वितरणमा पनि शुद्धता पाइएन । दोहोरो नाम समावेश भएको, मृत्यु भएका व्यक्तिको पनि भरपाईमा नाम नहटाएको जस्तो समस्या देखिएको हुँदा लाभग्राहीको विवरण अद्यावधिक र विश्वसनिय देखिएन।	
१०२.	**नगद वितरण**ः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को सि/न/२२ मा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयको स्वीकृति विना हातहातै नगद वितरण गर्न पाइनेछैन भन्ने व्यवस्था गरेको छ। कार्यालयले सामाजिक सुरक्षा भत्ताको रकम वडा सचिवहरुलाई पेश्की दिई सचिवहरुले हातहातै लाभग्राहीहरुलाई वितरण गरेको देखिन्छ । हातहातै नगद वितरण गरी औठाछाप लगाएको भरपाईको आधारमा पेश्की फछ्यौट गर्ने गरेको छ । नगद वितरण गर्न नपाइने व्यवस्था गर्दा गर्दै पनि कार्यालयले हातहातै नगद वितरण गरेबाट कार्यविधिको पालना नभएको देखिएकोले यथाशिघ्र यस्ता कार्य बन्द गरी लाभग्राहीको बैंक खातामार्फत मात्र रकम वितरण गर्ने व्यवस्था गर्नुपर्दछ।	
१०३.	**मृतक लाभग्राही लाई भुक्तानी**ः पालिकाले पेश गरेको सामाजिक सुरक्षा भत्ता वितरणको खर्चमध्ये नमुना छनौटमा परेको वडा नं. ६ को भरपाई परीक्षण गर्ने क्रममा मृत्यु दर्ताको अभिलेख माग गरी भिडान गर्दा मृत्यु भइसकेको ब्यक्तिको नाममासमेत भत्ता वितरण गरेको पाइयो । त्यसले गर्दा छनौटको दायरा बढाएर अन्य वडाकासमेत मृत्यु दर्ता परीक्षण गर्दा देहायबमोजिमका ब्यक्तिहरुको मृत्युपछि भुक्तानि भएको पाइयो ।मृत्यु मिति भन्दा पछि भत्ता दिन नमिल्ने हुनाले देहायका लाभग्राहीको नाममा मृत्युपछि भुक्तानि दिएको भनी भरपाई तयार गरी खर्च लेखेको रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु	१२०००

वडा नं	नाम	मृत्यु मिति	ना नं	चौमासिक	भूक्तानी रकम
५	नरध्वज बुढाथोकी	०७६/५/३०	१०२६	प्रथम	६०००
५	धनवीर सार्की	०७६/५/२०	२३०५	प्रथम	६०००
जम्मा	**वडा सचिव खगेन्द्र कार्की**				**१२०००**

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
१०४.	**घटी फिर्ता**ः कर्माचारीले लिएको पेश्की खर्चको विलभरपाई पेश गरी समयमै फछ्यौट गर्नु पर्दछ।पेश्की रकम खर्च नभै नगद बाँकी रहेमा तत्काल बैक दाखिला गर्नु पर्दछ। वडा सचिवले सामाजिक सुरक्षा भत्ता वितरणका लागि पालिकाबाट पेश्की लिई वितरण पश्चात बढी रकम बैक फिर्ता गर्ने गरेको पाइयो।देहाय बमोजिमका	

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>वडाका सचिवले कम फिर्ता गरेको रकम सम्बन्धितबाट असुल गरी राजश्व खातामा दाखिला हुनुपर्ने भनी औल्याय पश्चात रु.२५६०० असूल भई बेरुजू दाखिला भएको छ भने बाँकी रहेको देहाय अनुसारको रकम असूल हुनुपर्ने रु.....</td><td>८०००</td></tr>
<tr><td></td><td><table>
<tr><td>वडा नं</td><td>विवरण</td><td>वडा सचिवको नाम</td><td>असुल हुनुपर्ने रकम</td></tr>
<tr><td>५</td><td>प्रथम चौमासिक वितरण भरपाई भन्दा वढी खर्च</td><td>खगेन्द्र कार्की</td><td>८०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०५.</td><td>लेखापरीक्षणको क्रममा छनौटमा परेका वडाको परीक्षण गर्दा मृत्यु भैसकेका ब्यक्तिलाईसमेत भत्ता वितरण भएको पाईएकोले अन्य सबै वडाहरुसंग मृत्यु दर्ताको अभिलेख माग गर्दा केही वडाबाट प्राप्त हुन नसकेको र प्राप्त भएका वडा मध्ये वडा नं १ र ६ बाहेकका वडाहरुमा धेरै लामो समय अघि मृत्यु भएका ब्यक्तिको मात्र दर्ता गरेको र यस आ ब मा मृत्यु भएकाहरुको मृत्यु दर्ताको अभिलेखसमेत राखेको पाइएन ।जसले गर्दा मृत्यु भैसकेका ब्यक्तिलाई भत्ता वितरण भए नभएको यकिन गर्न सकिएन।</td><td></td></tr>
<tr><td>१०६.</td><td>नागरिकता नम्वर उल्लेख नभएकोः सामाजिक सुरक्षा नियमावली- २०७६ को नियम १३ मा ऐन विपरित सामाजिक भत्ता लिएको जानकारी हुन आएमा पालिकाले छानविन गरी असुल उपर गराउने र पदाधिकारी तथा कर्मचारीको मिलिमतो वा सम्लग्नतामा ऐन विपरित हुने गरी सामाजिक सुरक्षा भत्ता वितरण भएको देखिएमा कारवाहीको लागि लेखी पठाउनु पर्ने उल्लेख छ।सामाजिक सुरक्षा भत्ता वितरण गर्दा नागरिकता नंबर उल्लेख गर्नु पर्दछ। वितरण गर्दा एउटै नाम भएका ब्यक्ति धेरै जना हुन सक्ने र ब्यक्ति चिन्ने आधार नै नागरिकता नम्बर भएकाले अनिबार्य रुपमा उल्लेख गर्नु पर्नेमा पालिकाले नागरिकता नंम्वर नभएका १५७० लाभग्राहीलाई सामाजिक सुरक्षा भत्त वितरण गरेकोले भुक्तानी दिएका व्यक्ती वास्तविक लाभग्राही भए नभएको यकिन हुन सकेत।लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गरिएका वडामा सामाजिक सुरक्षा भत्ता पाउन योग्य नरहेका व्यक्तिको नाममा सामाजिक सुरक्षा भत्ता खर्च लेखेको देखिएकोले देहायका वडामासमेत यस प्रकारको जोखिम रहेको देखिन्छ।यस बारेमा पालिकाले सामाजिक सुरक्षा भत्ता नियमावली- २०७६ बमोजिम टुङ्गो लगाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><td>वडा नं</td><td>जम्मा लाभग्राही</td><td>नागरिकता नं उल्लेख नभएको</td></tr>
<tr><td>१</td><td>३६४</td><td>२११</td></tr>
<tr><td>२</td><td>३३५</td><td>१६३</td></tr>
<tr><td>३</td><td>२१०</td><td>१००</td></tr>
<tr><td>४</td><td>२९३</td><td>१२७</td></tr>
<tr><td>५</td><td>३२६</td><td>१४४</td></tr>
<tr><td>६</td><td>३८५</td><td>१९६</td></tr>
<tr><td>७</td><td>१७६</td><td>१०३</td></tr>
<tr><td>८</td><td>२४२</td><td>१४७</td></tr>
<tr><td>९</td><td>३२८</td><td>१९०</td></tr>
<tr><td>१०</td><td>२१७</td><td>७०</td></tr>
<tr><td>११</td><td>२७५</td><td>११९</td></tr>
<tr><td></td><td>३१५१</td><td>१५७०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०७.</td><td>प्रतिवेदन पेश गर्नुपर्नेः सामाजिक सुरक्षा नियमावली २०७६ को नियम २३(१ (मा स्थानिय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची- ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेछ ।उपनियम १ बमोजिम चौमासिक प्रतिवेदन पठाउंदा पहिलो चौमासिक प्रतिवेदन मंसिर ७ गते भित्र दोस्रो चौमासिक प्रतिवेदन चैत ७ गतेभित्र र तेस्रो चौमासिक प्रतिवेदन तथा वार्षिक प्रतिवेदन अर्को आर्थिक बर्षको</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>साउन १५ गतेभित्र विभागले तोकेबमोजिम पठाउनु पर्नेछ भन्ने व्यवस्था भएकोमा गाउँपालिकामा सो नियमको पालना भएको पाइएन । गाउँपालिकाले नियमको पालना गर्ने विषयमा ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१०८.</td><td>कोभिड–१९ तर्फः आ.व २०७६।७७ को आषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ।
<table>
<tr><th>आम्दानी स्रोत</th><th>रकम रु</th><th>खर्च शिर्षक</th><th>रकम रु</th></tr>
<tr><td>नेपाल सरकार</td><td>१२०२२०००</td><td>राहत वितरण</td><td>४६२४२८३</td></tr>
<tr><td>प्रदेश संचित कोषबाट</td><td>८०००००</td><td>क्वारेन्टाइन होल्डिङ सेन्टर निर्माण व्यवस्थापन</td><td>१८२०००</td></tr>
<tr><td>राजस्व बाँडफाड</td><td>१७०४०००</td><td>आईसोलेशन केन्द्र निर्माण</td><td>७००६५</td></tr>
<tr><td></td><td></td><td>जनशक्ति परिचालन</td><td>३७३१७९२</td></tr>
<tr><td></td><td></td><td>औषधी तथा स्वास्थ्य सामाग्री खरिद</td><td>५५९००४</td></tr>
<tr><td></td><td></td><td>स्वास्थ पूर्वाधार निर्माण</td><td>८५००००</td></tr>
<tr><td></td><td></td><td>अन्य शीर्षकमा खर्च</td><td>१९२६६२०</td></tr>
<tr><td></td><td></td><td>मौज्दात बाँकी</td><td>२५८२२३६</td></tr>
<tr><td>जम्मा</td><td>१४५२६०००</td><td>जम्मा</td><td>१४५२६०००</td></tr>
</table>
कोभिड–१९ मा गाउँपालिकाबाट भएको खर्चको श्रेस्ता परीक्षणबाट निम्न व्यहोरा देखिएका छन्।

पालिकाले २०७७।१।२५ को पत्रिकामा ३ दिनको अवधि राखी बोलपत्रको सुचना प्रकाशन गरेकोमा मधुगँगा सप्लायर्सको एकमात्र वोलपत्र परे अनुसार सोही सप्लायर्स सँग रु. ४६-२४-२८३ बरावरको खाद्यान्न सामग्री खरिद गरी २८९२ परिवारलाई वितरण गरेको छ भने बाँकी सामग्रीहरु सोझै खरिद गरेको छ।</td><td></td></tr>
<tr><td></td><td>विपद् व्यवस्थापन</td><td></td></tr>
<tr><td>१०९.</td><td>समिति गठन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा ८ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन भई १ पटक मात्र बैठक बसेको छ । उक्त बैठकले आगलागी जन्य क्षती भएमा नियमानुसार पालिकाबाट क्षतिपुर्ती स्वरुप रकम सहयोग गर्ने, बाढी पहिरोबाट हुने हानीनोक्सानीको क्षतिपुर्ती वापत रकम प्रदान गर्ने र विवपद व्यवस्थापन न्युन गर्न सबैले आआफ्नो ठाउँबाट पहल गर्ने निर्णय गरेको छ । त्यसैगरि पालिले कोभिड १९ को नियन्त्रका लागि मिति २०७७।०१।०३ मा ११ सदस्यीय कोभिड नियन्त्रण तथा व्यवस्थापन समिति गरेको छ । उक्त समितिको ३ पटक बैठक बसी मुख्य सहरहरुमा रोजगारीका लागि गई अलपत्र परेका पालिकाका नागरीकहरुलाई उद्धार गरी ल्याउने, राहात सामाग्री वितरण गर्ने, कोभिड १९ विरुद्ध जनचेतनजा फैलाउने, क्यारिटिन व्यवस्थापन लागयतका कार्यहरुमार्फत संक्रमण नियन्त्रणमा सक्रिय रुपमा सहभागी हुने निर्णय गरेको देखियो ।</td><td></td></tr>
<tr><td>११०.</td><td>कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	। पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू नगरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।	
१११.	**वार्षिक प्रतिवेदन —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
११२.	**आन्तरिक लेखापरीक्षण —** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराई आन्तरीक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुनुअगवै फछ्र्यौट गर्नुपर्ने व्यवस्था उल्लेख छ । तर पालिकाले आन्तरिक लेखापरीक्षकले औल्याएका देहायका व्यहोराहरु लेखापरीक्षण अविधसम्म पनि फछ्र्यौट गरेको पाईएन । उक्त बेरुजूहरु तोकीए बमोजिम फछ्र्यौट गर्नुपर्ने देखिएको रु.	२४६५८४

व्यहोरा		रकम
योजनाको रकम भुक्तानी गर्दा कार्यसम्पन्न प्रतिवेदन अनुसार हुनु पर्नेमा निम्न योजनाहरुको रकम भुक्तानी गर्दा कार्य सम्पन्न प्रतिवेदनमा भन्दा बढी भुक्तानी भएको देखिएकाले उ स बाट रकम असुल उपर गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु		
वडा नं १ बाटो मर्मत उ स	भौ नं ५४ अनुसार कार्यसम्पन्न प्रतिवेदनमा घटी काम भएको तर रकम भुक्तानी भने पुरै भएको	२२८५
कालीमाटी पुलामी टोल वेथीपाखा बाटो मर्मत उ स	भौ नं १०९ अनुसार कार्यसम्पन्न प्रतिवेदनमा घटी काम भएको तर रकम भुक्तानी भने पुरै भएको	२१२३
नक्कले करुन्जेल बाँध सिचाइ कुलो मर्मत उ स	भौ नं १११ अनुसार कार्यसम्पन्न प्रतिवेदनमा घटी काम भएको तर रकम भुक्तानी भने पुरै भएको	१३३४
काहुलेपाखा आरुबोट सल्लो बाटो निर्माण उ स	भौ नं १२२ अनुसार कार्यसम्पन्न प्रतिवेदनमा घटी काम भएको तर रकम भुक्तानी भने पुरै भएको	९४५१
आरुबोट काहुले बाटो मर्मत घर्ती डाँडा उ स	भौ नं १२५ अनुसार कार्यसम्पन्न प्रतिवेदनमा घटी काम भएको तर रकम भुक्तानी भने पुरै भएको	३३०८
वडा नं ७मा पत्यानी कृषि भवन निर्माण उ स	भौ नं २२१ अनुसार लागत अनुमानमा डि पी सी नभएको तर कार्य सम्पन्न प्रतिवेदनमा भएको, डी पी सी र इट्टाको ग्राहोको दर फरक परेकोले बढी भएको रकम रु	६६३८८
वडा नं ४ मा इनार बेल्टार आर भि टी निर्माण उ स	भौ नं २२१ अनुसार लागत अनुमानमा भन्दा खुद काम भएकोमा ७।२० पि भि सी कपर वायरको दर बढी राखेको र ढुवानी भाडा राख्न नपाइनेमा ढुवानी भाडा राखेकोले बढी भएको रकम रु	५९४४
बजार मोटरबाटो तथा स्टल निर्माण उ स	भौ नं २२३ मा १२. ५cm gravelling work को दर बढी राखी रकम बढी भुक्तानी भएको रु	५०३८

दफा	भौ.नं., मिति र ब्यहोरा			बेरुजू रकम
	आँपखोला निगुरे सडक मर्मत उ स	भौ नं ३३० अनुसार कार्यसम्पन्न प्रतिवेदनमा घटी काम भएको तर रकम भुक्तानी भने पुरै भएको	२५२०	
	बान्द्रे मोटरबाटो सोलिङ उ स	भौ नं ३५२ अनुसार बिल भरपाइ, कार्यसम्पन्न प्रतिवेदनमा घटी काम भएको तर रकम भुक्तानी भने पुरै भएको	४४६८	
	नर्कटे इनार निर्माण उ स	भौ नं ४१४ अनुसार कार्यसम्पन्न प्रतिवेदनमा घटी काम भएको तर रकम भुक्तानी भने पुरै भएको	५००२	
	चिसापानी, गैरो, कात्तीके, नागभञ्याङ मोटरबाटो मर्मत तथा निर्माण उ स	भौ नं ४३७ अनुसार कार्यसम्पन्न प्रतिवेदनमा घटी काम भएको तर रकम भुक्तानी भने पुरै भएको	१५७७	
	कोल्टार सिचांइ कुलो मर्मत योजना उ स	भौ नं ४५५ अनुसार कार्यसम्पन्न प्रतिवेदनमा घटी काम भएको तर रकम भुक्तानी भने पुरै भएको	३८३९	
	काफ्ले पाखिन गैरा खानेपानी इनार निर्माण उ स	भौ नं ४६६ अनुसार कार्यसम्पन्न प्रतिवेदनमा घटी काम भएको तर रकम भुक्तानी भने पुरै भएको	२०७६	
	चालु भौ नं २	तारानाथ अधकारीले गा पा भवन निर्माणबाट क्षती भएका व्यक्तीहरुले पाउने रकम एकमुष्ट १४०००० बुझेको तर भरपाइमा १३३०३५ मात्र भएकोले बाकीँ रकम तारानाथ अधिकारीबाट रकम असुल उपर गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने	६९६५	
	चालु भौ नं ३	वडा नं ०१ मा तिज बिशेष कार्यक्रम गरेको तर कुनै फोटोहरु नराखेकाले आवश्यक फोटोहरु राख्नुपर्ने देखिन्छ	४५०००	
	चालु भौ नं ५	कार्यक्रमको लागी खर्च भएको भनी आवश्यक कागजात बेगर होटललाई भुक्तानी गर्दा रु २०००० भन्दा सानो टुक्रा टुक्रा बिल जारी गरी भुक्तानी भएको		
	चालु भौ नं ६	पोष्टमार्टमको लागी बोलेरो प्रयोग गरेबापत गाडीधनीले पाउने रकम भौ नं ७६ को टीप्पणी अनुसार १२००० हुनुपर्नेमा बढी रकम भुक्तानी भएकोले बढी रकम जित बहादुर खत्रीबाट असुल उपर गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने,	४६६६	
	चालु भौ नं ७	वडा अध्यक्ष तथा वडा सचिवको बैठक भत्ता बापतको रकम प्रदेश राजपत्रमा २०७६ कार्तिक देखी दिने निर्णय भएको तर वडा नं ०५ का वडा अध्यक्ष दिनेश रमौलीलाई श्रावण देखी दिएकाले रकम बढी भुक्तानी भएकोले बढी भएको रकम वडा अध्यक्षबाट उपर गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने,	४५०००	
	चालु भौ नं ८	पोष्टमार्टमको लागी बोलेरो प्रयोग गरेबापत गाडीधनीले पाउने रकम भौ नं ७६ को टीप्पणी अनुसार १२००० हुनुपर्नेमा बढी रकम भुक्तानी भएकोले बढी रकम जित बहादुर खत्रीबाट असुल उपर गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने,	८०००	
	चालु भौ नं ९	वडा नं ०७ का वडा सचिवलाई भौ नै २३८ बाट मंसिर-बैशाख सम्मको खाजा खर्च बापतको रकम भुक्तानी गरेकोले दोहोरो रकम भुक्तानी भएको हुँदा दोहोरो भुक्तानी भएको रकम वडा	२१६००	

दफा	भौ.नं., मिति र ब्यहोरा			बेरुजू रकम
		सचिवबाट भिम बहादुर पुलामी बाट उपर गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने,		
	जम्मा		२४६५८४	
११३.	**अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकालबाट गत विगतका बेरुजूहरु फछ्र्यौट गरी सम्परीक्षणका लागि अनुरोध भएको छैन् । तसर्थ ऐन तथा नियममा भएको व्यवस्था अनुसार उक्त बेरुजूहरु फर्छ्यौट गर्नुपर्दछ ।			

तीनपाटन गाउँपालिकाको संचित कोषको विवरण

अनुसूची-१

आर्थिक वर्ष २०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	गत वर्षको जिम्मेवारी	अनुदान	राजस्व बाडबाँड	आन्तरिक आय	अन्य आय	जम्मा	चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	मौज्दात
		१	२	३	४	५	६(२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
तीनपाटन गाउँपालिका	सिन्धुली	३४००४	४१३१०२	९५१७४	८४११	१४३०५०	६५९७३७	३७४९८३	१८२९६७	१३८४५२	६९६४०२	-२६६१

बेरुजू वर्गिकरण (विनियोजन,राजस्व, धरौटी र अन्य करोबार)

अनुसूची-२

आर्थिक वर्ष २०७६।७७

(रु.हजारमा)

स्थानीय तह	जिल्ला	**प्रारम्भीक वेरुजू**			**प्रतिक्रीयाबाट फर्छ्यौट**			**बाँकी बेरुजू**			**बेरुजूको बर्गिकरण**									
		दफा			दफा			दफा				अनियमित					पेश्की		
		सैदान्तिक	लगती	रकम	सैदान्तिक	लगती	रकम	सैदान्तिक	लगति	रकम	असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाण पेश नभएको	राजस्वको जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	**जम्मा**	कर्म चारि	अन्य	जम्मा
तीनपाटन गाउँपालिका	सिन्धुली	६९	७४	५०५०२	०	१५	५५२६	६९	५९	४४९७६	४०८३	२१५५२	१९३४१	०	०	४०८९	०	०	०

अद्यावधिक बेरुजू को स्थिति

अनुसूची-३

(रु.हजारमा)

स्थानीय तहको नाम	जिल्ला	गत बर्षसम्मको बाँकी	समायोजन	सं प को लागि अनुरोध भएको	संपरीक्षण भएको रकम	गत वर्षसम्मको बाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको बाँकी मध्ये पेश्की
तीनपाटन गाउँपालिका	सिन्धुली	४८३३८	०	०	०	४८३३८	४४९७६	९३३१४	१६